
# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

तातोपानी गाउँपालिका




# तातोपानी गाउँपालिका

# जुम्ला

# २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रदेश सुशासन केन्द्र
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन । सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनु पर्ने, आत्मनिर्भर, सबल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजस्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ति तथा उपयोगको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नु भएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानुनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ गाउँपालिकाको प्रस्तुत राजस्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजस्व समितिलाई राजस्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनु भएकोमा आभारी छु ।

राजस्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजस्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु । शुभकामना ।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजस्व संकलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था सङ्घीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजस्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजस्वका क्षेत्रहरू तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरूमा राजस्व संकलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको  राजस्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरू प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरूलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची

**परिच्छेद एक: परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ कार्ययोजनाले राखेका उद्देश्यहरू ३

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.५ अध्ययनको सीमा ८

**परिच्छेद दुई : गाउँपालिकाको संक्षिप्त परिचय** **९**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ९

२.२ गाउँपालिकाको मानव संसाधनको अवस्था १४

२.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १४

**परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१६**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१

३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २३

३.३.१ कर राजस्व २४

३.३.२ गैर/अन्य कर ३२

**परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** **४५**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४५

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४५

४.२ आय सङ्कलनको संस्थागत क्षमता ४९

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४९

४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ५०

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ५१

४.४ विगतको राजस्व सङ्कलनको अवस्था ५३

४.५ राजस्व परिचालनमा रहेका सबालहरू ५४

**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना** **५७**

**परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण** **६१**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६१

६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६६

**परिच्छेद सात: अपेक्षित आय** ७४

**परिच्छेद आठ: अनुगमन तथा मूल्याङ्कन** ७६

**अनुसुचिहरू** ८०

अनुसुचि १: सन्दर्भ सामग्रीहरूको सूची ८१

अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ८४

अनुसूची ३: कार्यक्रममा सहभागीहरूको सूची तथा कार्य सम्पन्न पत्र ८५

## तालिका सूची

तालिका १: वडा अनुसार क्षेत्रफल र कार्यालय भएको स्थान १०

तालिका २: वडा अनुसार जनसङ्ख्या विवरण ११

तालिका ३: तातोपानी गाउँपालिका कार्यालयको दरबन्दी तेरिज १४

तालिका ४: गाउँपालिकाको भौतिक सम्पत्तिको विवरण १५

तालिका ५: गाउँपालिकाको स्वमित्वमा भएको वा भोगचलनमा रहेका जग्गाको विवरण १५

तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५

तालिका ८: जग्गा सम्वन्धित विवरण २६

तालिका ९: व्यावसाय कर तथा सम्भावित आय २८

तालिका १०: जडीबुटी, कवाडी र जीवजन्तु करको विवरण ३०

तालिका ११: विज्ञापन करबाट उठ्न सक्ने अनुमानित कर ३१

तालिका १२: साना सवारी साधन तथा अनुमानित सङ्ख्या ३२

तालिका १३: पाकिङ शुल्कको कुल अनुमानित राजस्व विवरण ३५

तालिका १४: नक्सा पास दस्तुरको कुल अनुमानित राजस्व विवरण ३७

तालिका १५: सेवा शुल्क तथा दर निर्धारण ३८

तालिका १६: अनुमानित पर्यटन प्रवेश शुल्क ३९

तालिका १७: अनुमानित पर्यटन प्रवेश शुल्क ४०

तालिका १८: व्यक्तिगत घटना दर्ता शुल्कबाट उठ्न सक्ने अनुमानित राजस्व ४१

तालिका १९: गाउँपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा ४३

तालिका २०: राजस्व परिचालन संस्थागत तथा नीतिगत विश्लेषण ४६

तालिका २१: राजस्व परामर्श समितिको विवरण ५०

तालिका २२: राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण ५०

तालिका २३: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ५१
तालिका २४: विगतको राजस्व सङ्कलनको अवस्था ५३
तालिका २५: राजस्व सुधार कार्ययोजनाहरू ५७
तालिका २६: गैरकर राजस्व सुधार योजनाहरू ५८
तालिका २७: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ६१
तालिका २८: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ६७
तालिका २९: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा ७५
तालिका ३०: अनुगमन तालिका ७७
तालिका ३१: गाउँपालिकाको आय संरचनाको सारांश ७९

## चित्र सूची

चित्र २: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ५
चित्र २: तातोपानी गाउँपालिकाको भौगोलिक अवस्थिति १०
चित्र ३: स्थानीय तहको राजस्व अधिकारहरू १६
चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू २४
चित्र ५: व्यावसाय कर सङ्कलनको सम्भावित सूधारहरू २९
चित्र ६: राजस्व परिचालनमा रहेका सबालहरू ५४
चित्र ७: अनुगमन तथा मूल्याङ्कन कार्य विधि ७६

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। संविधानले तीन तहका सरकारहरू बीच अधिकार बाडफाँड गरी उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरेको छ। नेपालको संविधान (भाग १९, अनुसूचि ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरूप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभुत मान्यता अनुरूप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको स्रोत, सम्भाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ। खासगरी स्थानीय तहको उद्देश्य भनेको स्थानीय तहलाई वित्तीय रूपमा सवल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो।

अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्थानीय तहले प्राप्त गर्दछन्। त्यसैगरी सङ्घ तथा प्रदेश सरकारबाट असुल हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय तहलाई बाँडफाँड हुने प्रावधान रहेको छ। यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बिच अन्तर कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच बाँडफाँड गरिएको छ। सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रूपमै प्रदान गरिएको छ। नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरूले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ। नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ।

स्थानीय निकायहरूले आफूलाई तोकेको कार्य र जिम्मेवारी पूरा गर्नको लागि वित्तिय दृष्टिले सक्षम हुनु पर्दछ। वर्तमान अवस्थासम्म अधिकांश स्थानीय निकायहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ। संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग

गर्ने क्रममा स्थानीय तहहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासीन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा कानुन सम्मत ढगंले बृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लिखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्ने सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनाले स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

सरकारले विभिन्न क्षेत्रमा गर्ने विकासका कार्यलाई व्यवस्थित गरी जनताको चाहना अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो मात्रामा लगानी वा पूँजिको आवश्यक देखिन्छ । हाल नेपालको राज्य सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । स्थानीय तहलाई विकास निमार्णको लागि सङ्घ र प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदान तथा राजस्व बाँडफाँडबाट उपलब्ध हुन्छ । यसका साथै स्थानीय तहमा पनि विभिन्न शीर्षकमा राजस्व उठाउने अधिकार दिइएको हुन्छ । जस अन्तर्गत विभिन्न कर तथा सेवा शुल्कका साथै दण्ड जरिवाना जस्ता कर पनि लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय तहले अन्य स्वदेशी तथा वैदेशिक सङ्घसंस्थाहरूबाट अनुदान रकम, सहयोग पनि प्राप्त गर्न सक्नेछ । यसका साथै स्थानीय तहले आन्तरिक रिन पनि लिन सक्ने कानुनी व्यवस्था छ । उक्त कार्यको लागि वित्त आयोगको सीमा र अधिकार भित्र रही रिन लिन सक्ने प्रावधान रहेकोछ ।

माथि उल्लिखित विभिन्न संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन गर्न गाउँपालिका तथा गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने प्रशस्त अधिकार र क्षेत्रहरू दिएको भएता पनि ती अधिकारलाई व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रूपमा परिचालन गर्न सकिरहेका छैनन । यसको संम्भाबित प्रमुख कारणहरूमा स्थानीय तहको नयाँ संरचना भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, सङ्गठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको उपयुक्त व्यवस्थापन नहुनु, सूचनाहरू अद्यावधिक नहुनु, आयको सम्भाव्यता अध्ययन नहुनु, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

उल्लेखित अवस्थाहरूमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका मार्गहरूपय पहिचान, राजस्व बृद्धिका सम्भावनाहरूको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान सङ्गठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउन र आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्नु नितान्त आवश्यक हुनेहुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।

## १.३ कार्ययोजनाले राखेका उद्देश्यहरू


तातोपानी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- ✓ स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- ✓ विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- ✓ आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- ✓ स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- ✓ स्थानीय तहको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- ✓ नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: २) ।


पहिलो चरण:
सन्दर्भ सामग्री संकलन तथा समीक्षा
दोश्रो चरण:
अभिमुखीकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला
तेस्रो चरण:
तथ्याङ्क/सूचना संकलन
चौथो चरण:
सूचना/तथ्याङ्को विश्लेषण तथा कार्ययोजना तयारी एवं राजस्व प्रक्षेपण
पाँचौ चरण:
मस्यौदा कार्ययोजना तयारी
छैठौं चरण: मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव संकलन
सातौं चरण :
अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण
आठौं चरण:
अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती

चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

**पहिलो चरण: सन्दर्भ सामाग्री संकलन तथा समीक्षा**

राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरूको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरण: अभिमुखीकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला**

स्थानिय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरू र राजश्व परामर्श समितिका

पदाधिकारीहरूलाई राजश्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७८/१२/२३ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरू समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानुनहरू, प्रगति विवरणहरू, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरूको संगठन, होटल व्यवसायीहरूको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरू लगायतका सरोकारवाला पक्षहरूसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरू सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- कम्तिमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरू, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरू/तथ्याङ्कहरू नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरूले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एबं राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरूलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजश्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरू पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरूको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यसरी तयार गरिने प्रक्षेपणले यस स्थानिय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR =औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरूबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरू पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानिय तहका सम्बन्धित सरोकारवालाहरू समक्ष प्रस्तुत

गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरूलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरण: अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरूको बिचमा मिति २०७९/०३/०५ गते यस गाउँपालिकाका उपाध्यक्ष श्री रेवती रावल ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरूको सुची अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरण: अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्न अनुसारको सीमामा रहि तयार गरिएको छ ।

- ✓ राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवम् प्रमाणिक तथ्याङ्क नभएको अवस्थामा सहभागीहरूसँगको अर्न्तक्रियाबाट सम्पुष्टि गरिएको थियो ।
- ✓ यस राजस्व सुधार कार्ययोजना गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धीत कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गाष्ठिी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सूझाव र सूचनाको आधारमा तयार गरिएको हो ।
- ✓ गाउँपालिकाको गठन भएको तीन वर्ष पनि पूरा नभएको र अभिलेख पनि व्यवस्थित भैनसकाले ऐतिहासिक प्रवत्ति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा पुर्नरूपमा तथ्याङ्कीय विधिमा प्रयोग गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय

परिच्छेद दुईमा तातोपानी गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मावन शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय


**नामांकरण :**

यस तातोपानी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको लगभग मध्य भाग तिर अबस्थित छ (चित्र २) । यो गाउँपालिका बि.सं. २०७३ फाल्गुन २७ गते स्थापना भएको थियो । यस गाउँपालिकाको सदरमुकाम तातोपानीमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा गुठिचौर गाउँपालिका र तीला गाउँपालिका, पश्चिममा कालिकोट जिल्ला, उत्तरमा सिन्जा गाउँपालिका र चन्दननाथ नगरपालिका, र दक्षिणमा जाजरकोट जिल्ला रहेको छ । यस गाउँपालिकाले जम्मा ५२५.५६ वर्गकिलोमिटर ओगटेको छ । साविकको लार्मा, हाँकु, तातोपानि, जुम्ला, ताम्ती गा.वि.स. हरू मिलेर यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिका साविकको बडालकोट, मान्म, दह, पाखा र भर्ता गाउँ विकार समितिका केहि भागलाई समेटेर तातोपानी गाउँपालिका बनेको थियो ।

**भौगोलिक अवस्थितिः**

यस गाउँपालिका ८२$^{o}$ ०' ४७' पूर्व देखि ८२$^{o}$ १६' ४८' पूर्वी देशान्तर तथा २८$^{o}$ ५८' ९' उत्तर देखि २९$^{o}$ १७' ४५' उत्तर अक्षांसमा अवस्थित रहेको छ (चित्र नं. २) । यस गाउँपालिकाको धेरै जसो भुभाग पहाडी तथा सामान्य भिरालो क्षेत्रमा पर्दछ। यस गाउँपालिकाको जमिनको अवस्थामा हेर्दा कृषियोग्य जमिन, वन, भीर र पाखोले ओगटेको छ। बनले करिब २१७ वर्ग कि मि र खेतियोग्य जमिन १९४ वर्ग कि मि रहेको छ।

तातोपानी गाउँपालिका




चित्र २: तातोपानी गाउँपालिकाको भौगोलिक अवस्थिति

**वडा विभाजन तथा क्षेत्रफलः**

यस गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिका क्षेत्रफलका हिसावले वडा नं. ८ सबैभन्दा ठूलो (२०५.१९ वर्ग कि.मी.) छ भने सबैभन्दा सानो वडा नं. ५ हो, जसको क्षेत्रफल मात्र ९.६० वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको प्रशासनिक विभाजन (वडा विभाजन) तथा क्षेत्रफल तलको तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १: वडा अनुसार क्षेत्रफल र कार्यालय भएको स्थान

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) | वडा कार्यालय रहेको स्थान |
|---|---|---|
| १ | ११.०९ | राँका |
| २ | १२.३४ | जर्मि |
| ३ | ९.६१ | तिलाकोट |
| ४ | १९९.६९ | हाकु |
| ५ | ९.६० | लाम्रा |
| ६ | ११.६५ | धौलापानी |
| ७ | ६६.३९ | ताम्ती |
| ८ | २०५.१९ | टोप्ला |
| **जम्मा** | **५२५.५६** | |

**जनसङ्ख्या : वडागत घरधुरी तथा जनसङ्ख्या :**

यस गाउँपालिकामा २०६८ को जनगणना अनुसार कुल १४,६३८ जनसङ्ख्या (महिला ७२९१ र पुरुष ७३४७) रहेको छ र २७०४ घरधुरी रहेको छ भने २०७४ घरधुरी सर्वेक्षण अनुसार जम्मा १७८३४ जजसङ्ख्या र ३१६३ घरधुरीहरू रहेका छन् । यस गाउँपालिकाको जनधनत्व ३४ जना प्रति वर्गकिलोमिटर रहेको छ। २०७४ घरधुरी सर्वेक्षण अनुसार सबैभन्दा बढी जनसङ्ख्या वडा न. ७ मा (३३२९) र सबैभन्दा कम जनसङ्ख्या वडा ५ मा (१४९७) रहेको छ । यस गाउँपालिकाको वडा अनुसार जनसङ्ख्या तथा घरधुरी विवरण तलको तालिका २ मा दिइएको छ।

तालिका २: वडा अनुसार जनसङ्ख्या विवरण

| वडा नं. | जनगणना २०६८ | | | | घरपरिवार सर्वेक्षण २०७४ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | पुरुष | महिला | जम्मा | घर परिवार | पुरुष | महिला | जम्मा |
| १ | ३०४ | ८६४ | ८७९ | १७४३ | २९९ | ९०५ | ८३७ | १७४२ |
| २ | ३३८ | ८९३ | ९०९ | १८०२ | ३६७ | १०९८ | ९७० | २०६८ |
| ३ | २८७ | ७५४ | ७८० | १५३४ | ३२४ | ९८३ | ८८० | १८६३ |
| ४ | ४६७ | ११०३ | ११२३ | २२२६ | ५३१ | १४३२ | १३०१ | २७३३ |
| ५ | ३१० | ७८० | ७३१ | १५११ | २९९ | ७९८ | ६९९ | १४९७ |
| ६ | २४५ | ६५५ | ६८९ | १३४४ | २८६ | ७९० | ८०४ | १५९४ |
| ७ | ४७० | १४६१ | १४०५ | २१३६ | ५६८ | १६७६ | १६५३ | ३३२९ |
| ८ | २८० | ८३७ | ७७५ | २३४२ | ४८९ | १५९० | १४१८ | ३००८ |
| **जम्मा** | **२७०४** | **७३४७** | **७२९१** | **१४,६३८** | **३१६३** | **९२७२** | **८५६२** | **१७८३४** |

स्रोत: तातोपानी स्वास्थ्य विवरण, २०६८ र घरधुरी सर्वेक्षण, २०७४

**पेसागत विवरण :**

कृषि पेसा यस गाउँपालिकाको मुख्य पेसा रहेको छ । यस गाउँपालिकामा जम्मा २९५० जना विभिन्न रोजगारमा आवद्ध छन् । समग्रमा यस गाउँपालिकामा ज्यालादारु ३० प्रतिशत, मौसमी व्यापार २७ प्रतिशत, कृषि २२ प्रतिशत, कर्मचारी ४ प्रतिशत रहेका छन्। गाउँपालिका पाश्र्वचित्र र फिल्ड अध्ययन अनुसन्धान गर्दा यस गाउँपालिकाको प्रमुख पेसा कृषि तथा पशुपालन रहेको छ। यस गाउँपालिकाको मुख्य पेसा कृषि रहेको छ। यस गाउँपालिकामा कृषि क्षेत्र ५२५.५७ बर्गकिमि रहेको छ। जस अन्तर्गत खेति गरिएको बारी/पाखो १,०३७ हेक्टर (६३ प्रतिशत) र खेत ६२१ हेक्टर (३७ प्रतिशत) रहेको छ ।

यस गाउँपालिकामा कृषि (धान, मकै, कोदो) बाहेक अन्यहरू मौरी पालन, बाख्रा पालन पनि गरेको देखिन्छ । यहाँ जम्मा एक मात्र कलकारखाना रहेको छ । यस गाउँपालिकामा कृषि मुख्य पेसा रहेपनि मौसमी रूपमा भारत तथा अन्य देशमा विदेसिनेको सङ्ख्या उल्लेखनिय रहेको छ । कृषि

अन्तर्गत धान, मकै, जौ, कोदो मुख्य बालीको रूपमा लिइन्छ । साथै नगदे बाली अन्तर्गत सिमि र आलु रहेको छ । तरकारीमा विषेस गरी बन्दा, गोलभेडा, प्याज, अदुवा खेति गरिन्छ ।

यस तातोपानी गाउँपालिकामा आफ्नै कृषि उत्पादनले वर्षभरि खान पुग्ने जनसङ्ख्या भने कमै रहेको सर्भेक्षणबाट देखिन्छ । आफ्नै उत्पादनले ४ महिलना भन्दा कम खान पुग्ने ४८ प्रतिशत घरधुरी छन् । वडागत रूपमा हेर्दा खाद्य प्रयाप्तता ४ महिना भन्दा कम गुग्ने वडा १ मा २२० घर (५३ प्रतिशत), वडा २ मा १६५ घर (४१ प्रतिशत), वडा ३ मा ८७ घर (२७ प्रतिशत), वडा ४ मा १५३ घर (२७ प्रतिशत), वडा ५ मा १४० घर (३८ प्रतिशत), वडा ६ मा ३१९ घर (९६ प्रतिशत), वडा ७ मा २८६ घर (३७ प्रतिशत), र वडा नं. ८ मा ३७० घर (८० प्रतिशत) घरधुरीहरू रहेको देखिन्छ ।

**पशुपालन :**

यो गाउँपालिकामा गाइगोरु, भैसी, भेडा, खसी/बोका, कुखुरा, खरायो र घोडा/खच्चर को लागि पनि महत्वपूर्ण रहेको छ । पशुपन्छी सङ्ख्यात्मक तवरले बढि पालन गर्ने वडाहरूमा २, ४, ७, र ८ रहेको छ । पशुजन्य उत्पादनमा क्रमशः दुध, उत्पादनमा कुल घरधुरीको ९८९ घरधुरी (२८ प्रतिशत) र घ्यू उत्पादन ५२४ घरधुरीहरू रहेका छन् ।

**पर्यटन (प्रसिद्ध स्थलहरू) :**

यस तातोपानी गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृति रूपमा महत्वपूण क्षेत्रको रूपमा चिनिन्छ । सम्भावनै सम्भावनाको भण्डारको रूपमा रहेको यस तातोपानी गाउँपालिकामा ऐतिहासिक तथा पर्यटकीय स्थल तातोपानी धारा, जुम्ला जिल्लाको सवैभन्दा ठूलो ताल गिडी दह, जुम्लाको प्रख्यात बाविरा मस्ट र सुन्दरगाउँ मस्ट, ईश्वरीय रूपको प्रतिमुर्ति लछालकृर्ति पैकेलो, कालिमारसी धानको पहिलो पटक उमारिएको तातोपानी २ लाछु जुम्लाको गुरु फोक्टो, लगभग तीनहजार वर्ष पूराना सुन चाँदिले बानेका लाम्राका बानिया दियार, ताल तलैयाहरू, भण्डार बन, ठाकुर ज्यू र विष्ट ज्यू को मन्दिर आदि रहेका छन् ।

**यातायात पहुँच :**

हालसम्म यस तातोपानी गाउँपालिकामा जम्मा ७३ कि. मि. सडक बनिसकेको अवस्था छ । जस मध्ये कहि कालो पत्रे त कहि कच्ची, ग्राभेल र धुले सडक रहेको छ । साथै यस गाउँपालिकामा जम्मा ५ वटा झोलुङ्गे पुल पनि रहेको छ ।

**विद्युत सुविधाः**

हालसम्म यस तातोपानी गाउँपालिकामा रहेका विभिन्न खोलानालाहरूबाट जम्मा २२० किलो वाटसम्म बिजुली उत्पादन क्षमता रहेकोछ । यस गाउँपालिकालाई क्षेत्र बनाएर अविरल वगिरहने तिला, भेरी खोला, गिडी गाड लगायतका सहायक नदी तथा खोलाहरू यहाँको मुख्य जलस्रोतको आधार हो ।

**व्यापारिक केन्द्रहरू :**

यस गाउँपालिकामा मुख्य व्यापारिक केन्द्रहरूमा जर्मी, र औरेनी, तिलाकोट रहेको छ । जहाँबाट गाउँपालिका तथा अन्य नजिकका स्थानहरूमा लागि आवश्यक सरसामानहरू बिक्रि बितरण गरिन्छ ।

**सिंचाइ तथा खानेपानी :**

यस गाउँपालिकामा जम्मा २७ वटा खानेपानी आयोजनाहरू रहेका छन् । साथै ३० वटा सिंचाई आयोजना पनि रहेका छन् । यस गाउँपालिकाको मुख्य स्रोतको रूपमा रहेको तिला नदी, गिडी खोला, भेरी खोला, लगायत खोलाबाट यस क्षेत्रको तल्लो वेसी क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ ।

**जैविक विविधताः**

जैविक विविधताका हिसवले उच्च पर्वतीय चिसो हावापानीमा पाईने वनस्पतिहरूमा गन्नइनो चिराइतो, तितो पाँच औले, सतुवा विदा, सेतो चिाी, कटुको, बसो, सुगन्दवाल, पाखनवेद, र तितो लगायतका वनस्पतिहरू पाइन्छन् । वडागत रूपमा सबैभन्दा बढि बनपैदावरको हिस्सा लिने वडा नं. ४, ७, २ र ८ रहेका छन् ।

**खानेपानी तथा सरसफाई :**

यस गाउँपालिकामा सार्वजनिक धारा उपभोग गर्ने २४७६ घरधुरी (६९ प्रतिशत), निजी धाराबाट उपभोग गर्ने ९१४ घरधुरी (२६ प्रतिशत), नदीको पानी प्रयोग गर्ने ११६ घरधुरी (३ प्रतिशत), मुलको पानी प्रयोग गर्ने ५७ घरधुरी (२ प्रतिशत) रहेका छन् । बिद्यमान अवस्थामा पनि सबै नागरिकलाई खानेपानीको प्रर्याप्त छैन । नदीको पानी प्रयोग गर्ने वडा नं १ मा ११५ घरधुरी (२८ प्रतिशत), मुलको पानी प्रयोग गर्ने वडा नं. ४ मा ४४ घरधुरी (८ प्रतिशत) र मुलको पानी प्रयोग गर्ने वडा नं. ७ मा १३ घरधुरी (२ प्रतिशत) रहेको छ ।

वडागत तवरले सार्वजनिक धाराबाट उपभोग गर्ने वडा नं. १ मा ३०० घरधुरी (७२ प्रतिशत), वडा नं. २ मा ३२० घरधुरी (७८ प्रतिशत), निजी धारा प्रयोग गर्ने वडा नं. ३ मा ३१८ घरधुरी (सत प्रतिशत), सार्वजनिक धाराबाट उपभोग गर्ने वडा नं. ४ मा ४६४ घरधुरी (८६ प्रतिशत),

वडा नं. ५ मा २७५ घरधुरी (७४ प्रतिशत), वडा नं. ६ मा २७७ घरधुरी (८२ प्रतिशत), वडा नं. ७ मा ४० घरधुरी (५७ प्रतिशत), र वडा नं. ८ मा ४६१ घरधुरी (६० प्रतिशत) रहेका छन् । यस गाउँपालिकाको घरपरिवारमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार ६१७ (१७ प्रतिशत), कच्ची शौचालय प्रयोग गर्ने घरपरिवार २६३५ (७४ प्रतिशत), र शौचालय नभएको घरपरिवार ३११ (९ प्रतिशत) रहेको छ ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

नवगठित गाउँपालिका/नगरपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य सञ्चालन भई आएको छ। यस गाउँपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन् । जसको विवरण तलको तालिका ३ मा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाको कार्यालयमा २०७८ चौत्र मसान्त महिनासम्म कार्यरत स्थायी कर्मचारीहरूको सङ्ख्यात्मक विवरण देहायअनुसार रहेको छ।

तालिका ३: तातोपानी गाउँपालिका कार्यालयको दरबन्दी तेरिज

| क.सं. | पद | स्वीकृत दरवन्दी | पदपूर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | |
| २ | लेखा अधिकृत | १ | १ | |
| ३ | अधिकृत छैटौ | २ | २ | |
| ४ | इन्जिनियर | १ | १ | |
| ५ | ओभरसियर | १ | १ | १ |
| ६ | शिक्षा अधिकृत | १ | १ | |
| ७ | आ.ले.प. | १ | १ | |
| ८ | कम्प्युटर अपरेटर | १ | १ | १ |
| | **कुल जम्मा** | **९** | **९** | **२** |

स्रोत: तातोपानी गाउँपालिकाको आधिकारीक वेबसाइट, २०७८ चैत्र २७ र फिल्ड भ्रमण २०७८

## २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस तातोपानी गाउँपालिका आफ्नै कार्यालय भवन नभएको हुनाले हाल भाडामा कार्यालय सञ्चालन भैरहेको छ। वडा नं. १, ३, ५, ७, र ८ वडा कार्यायलहरूको आफ्नै कार्यलय भवन रहेको छ भने बाँकि २, ४ र ६ वडा कार्यालयहरूको आफ्नो कार्यलय भवन नभएकोले कार्यालय सञ्चालनका लागि भाडामा लिइएको । गाउँपालिका तथा आफ्नो भवन नभएका

वडाहरूले निकट भविश्यमा आफै भवन बनाउने योजना पनि रहेको छ । यस गाउँपालिकामा भएका भौतिक सम्पतिको विवरण तालिका ४ मा राखिएको छ ।

तालिका ४: गाउँपालिकाको भौतिक सम्पत्तिको विवरण

| **क.सं.** | **भौतिक सम्पति** | **सङ्ख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | कार्यलय भवन | ५ | वडा नं. १, ३, ५, ७ र ८ को |
| २ | जिप | १ | |
| ३ | मोटरसाइकल/स्कुटर | २९ | |
| ४ | ल्यापटप कम्प्युटर | ५२ | |
| ५ | प्रिन्टर | २२ | |
| ६ | टेबुल | २८ | |
| ७ | कुसी | ३८ | |
| ८ | सोफा | १० | |
| ९ | दराज | ३२ | |
| १० | कम्प्युटर टेवल | २ | |

यस गाउँपालिकामा भौतिक साधनअन्तर्गत जिप १, एम्बलुलेन्स १, मोटरसाइकल/स्कुटर २९ थान रहेको छ । साथै यस गाउँपालिका ५२ वटा ल्यापटप कम्प्युटर, २२ वटा प्रिन्टर, २८ टेबुल, ३८ कुर्सी, १० सोफा, ३२ दराज, २ कम्प्युटर टेवल लगायत अन्य कार्यालय प्रयोजनका लागि आवश्यक न्यूनतम कार्यालय सामग्रीहरू रहेका छन् (तलिका ४) ।

यस तातोपानी गाउँपालिकाको स्वमित्वमा रहेको एकठाउँमा मात्र जग्गा रहेको जानकारी प्राप्त भएको छ । हाल उक्त जग्गा उपयोगमा नभएको जानकारी प्राप्त भएको छ ।

तालिका ५: गाउँपालिकाको स्वमित्वमा भएको वा भोगचलनमा रहेका जग्गाको विवरण


| क.सं. | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| क | स्वमित्वमा रहेको जग्गा | | | | |
| | तिलाकोट | – | २३०० ( वर्ग मिटर) | छैन | छैन |
| ख | भोगचलन रहेको जग्गा | | | | |
| | | – | – | छैन | छैन |

# परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतीहरूलाई शीर्षकगत रूपमा विस्तृत विश्लेषण गरिएको छ। यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग गर्नेछ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ। चित्र ३ मा राजस्व अधिकारहरूलाई देखाइएको छ।




चित्र ३: स्थानीय तहको राजस्व अधिकारहरू

सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

क) गाउँपालिकाको एकल अधिकार:

१) कर

- ✓ **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- ✓ **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- ✓ **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- ✓ **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- ✓ **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- ✓ **जडिबुटी, कबाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।
- ✓ **विज्ञापन कर :** नगरपालिका/गाउँपालिका भित्र राखिएका होडिङ बोर्डहरू राख्न दिए वापत लिइने कर ।
- ✓ मनोरन्जन कर

२) शुल्क

- ✓ **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- ✓ **पार्किङ् शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

३) सेवा शुल्क

- ✓ आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जि जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।

- ✓ गाउँपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।
- ✓ अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- ✓ सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

४) दस्तुर

- ✓ दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- ✓ नक्सा पास दस्तुर
- ✓ पञ्जीकरण व्यवस्थापन दस्तुर
- ✓ वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने** (केही नेपालका ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)

- ✓ आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- ✓ आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- ✓ यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

६) वन पैदावरबाट आय प्राप्त आय

- ✓ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- ✓ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- ✓ वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

२) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :

- ✓ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- ✓ खनिज पदार्थको उत्खनन् रोयल्टी
- ✓ सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- ✓ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- ✓ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- ✓ खनिज पदार्थको उत्खनन् रोयल्टी
- ✓ सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- ✓ खानेपानी महसुल
- ✓ स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- ✓ स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- ✓ जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- ✓ स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- ✓ इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- ✓ स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धीत स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- ❖ नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- ❖ प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिशमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने

**(ग) अनुदान**

- ❖ वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ❖ ससर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ❖ समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- ❖ विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- ❖ नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- ❖ नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिश गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने

- ❖ नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- ❖ कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- ❖ कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र।
- ❖ सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यसले गाउँपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ। तालिका ६ मा आयका शीर्षक र सम्भावनाहरू प्रश्तुत गरिएको छ।

तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था


| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारण (भएको/नभएको) | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | नउठाएको |
| ४ | घर जग्गा बहाल कर | छ | नभएको | नउठाएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारण (भएको/नभएको) | सङ्कलन भएको/ नभएको |
|---|---|---|---|---|
| ५ | व्यवसाय कर | छ | भएको | नउठाएको |
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | छ | भएको | जडिबुटीको उठाएको |
| ७ | विज्ञापन कर | छ | नभएको | नउठाएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | नउठाएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको | नउठाएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नउठाएको |
| ३ | नक्सापास दस्तुर | छ | नभएको | उठाएको |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | उठाएको |
| ५ | बहाल बिटौरी शुल्क | छ | भएको | नभएको |
| ६ | पार्किङ्ग शुल्क | छ | भएको | नभएको |
| ७ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| १० | स्थानीय विद्युत् महसुल | छ | नभएको | नभएको |
| ११ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावना को विवरण (छ/छैन) | दर निर्धारण ( भएको/नभएको) | सङ्कलन भएको/ नभएको |
|---|---|---|---|---|
| १२ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | भएको | भएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | | | |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र,विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १६ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र ४)।




चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू

### ३.३.१ कर राजस्व

**क. सम्पत्ति कर**

**विद्यमान अवस्था:**

यस गाउँपालिकाले हालसम्म कानुनी प्रावधान अनुरूपको सम्पत्ति कर लागु गरेको छ। विगतको आ.व. २०७७/७८ देखि सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागु गर्ने उद्देश्य अनुरूप सम्पत्ति कर सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ।

यस गाउँपालिकाको आर्थिक ऐनमा मालपोत करलाई उल्लेख गरिएको छ। सम्पत्ति करलाई घर करको शीर्षकमा सङ्कलन गरिएको छ। यसको साथै नागरिक वडापत्रमा एकीकृत सम्पत्ति कर सम्बन्धी उल्लेख गरिएको छ। आर्थिक ऐनको अनसूचीमा मालपोतलाई मालपोत दस्तुर भनेर खेत पाखोलाई अब्बल, दोयम, सिम चाहरमा वर्गीकरण गरी दर निर्धारण गरिएको छ। सम्पत्ति करलाई घर करको शीर्षकमा राखेर सङ्कलन गरेको छ। यस शीर्षकमा राजस्व सङ्कलन भएको छैन।

**सम्भाव्यता:**

गाउँपालिकाको वस्तुस्थिति विवरण २०७८ र फिल्ड अध्ययन अनुसार यहाँ कुल ३१६३ घरधुरी रहेका छन्। विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा सबै घरधुरीलाई नै सम्पत्ति करको दायरामा कायम गरिएको छ। घरधुरी सम्वन्धि तथ्याङ्कहरू नभएको अनुमानको आधारमा घरलाई चार ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल

उल्लिखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस शीर्षकमा जम्मा रु **२ लाख ५ हजार** जति राजस्व उठ्न सक्ने अनुमान गरिएको छ। यसअनुसार हुन आउने सम्पत्ति करको गणना निम्नअनुसार रहेको छ।

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| घर सम्बन्धी विवरण | सम्भावित घर सङ्ख्या | अनुमानित करको दर | कुल सम्भाव्य आय रु. |
|---|---|---|---|
| पक्कि | १०० | ४०० | ४०००० |
| अर्ध पक्कि (ढिनको वा स्लेट) | २०० | २०० | ४०००० |
| कच्ची (खरको ध्रना भएको) | २५०० | ५० | १२५००० |
| झुप्रा | ३६३ | — | — |
| जम्मा | ३१६३ | | २०५००० |

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ :

- ❖ सम्पत्ति करलाई घर करको शीर्षकमा नराखि सम्पत्ति करको शीर्षकमा राख्नुपर्ने।
- ❖ चालु आ.व. को आर्थिक ऐनमा दफा अनुसार अनुसूची नभएकाले आगामी आवमा त्यसलाई सच्याएर दफा अनुसारका अनुसूची मिलान गरी बनाउने
- ❖ घर करको रूपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशील करको दर निर्धारण गरी समावेश गर्ने।
- ❖ सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने।
- ❖ सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने
- ❖ सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने।

## ख. मालपोत वा भूमि कर

**विद्यमान अवस्था:**

गाउँपालिकाको आर्थिक ऐनको अनुसूची १२ अनुसार सम्पत्ति कर वा घर जग्गा कर लगाइने र असुल उपर गरिएको थियो भनी उल्लेख गरिएको छ। ऐनमा सम्पत्ति करलाई घर कर भनी लेखिएको छ भने मालपोत करलाई मालपोत दस्तुर शीर्षक दिइएको छ। जग्गाको विभिन्न वर्गीकरण

अनुसार कर सङ्कलन गर्ने नियममा उल्लेख गरिएको छ। जस अनुसार बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार-चार समूहमा वर्गीकरण गरी सो जग्गाको क्षेत्रफल अनुसार कर सङ्कलन गर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाको आर्थिक ऐनमा प्रति वर्ग मिटर १ पैसाले मालपोत कर लिने भनेर उल्लेख गरेको छ । यस गाउँपालिकामा आ.व. २०७६/७७ मा यस शीर्षक अन्तर्गत कुल रु ३,२८,९७१ राजस्व सङ्कलन भएको थियो ।

तालिका ८: जग्गा सम्वन्धित विवरण

| क्र.सं. | जग्गाको किसिम | अनुमानित क्षेत्रफल | दस्तुर |
|---|---|---|---|
| १ | शहरी क्षेत्र | | |
| २ | आवसयि क्षेत्र | | |
| ३ | कृषि योग्य क्षेत्र (खेती गरिएको जमिन) | १९४ वर्ग किमि | १ पैसा प्रति वर्ग मिटर |
| ४ | बन क्षेत्र | २१७ वर्ग किमि | |
| | **जम्मा** | | |

स्रोत : आर्थिक वर्ष २०७५/२०७६ को नीति, कार्यक्र र बजेट

**सम्भाव्यता:**

आर्थिक वर्ष २०७५/२०७६ को नीति, कार्यक्र र बजेटमा उल्लेख गरिए अनुसार यस गाउँपालिकामा जम्मा १९४ वर्ग किमि खेति गरिएको जमिन रहेको छ । प्रति वर्गमिटर रु १ पैसाको दरले कर लगाउदा जम्मा १९ लाख ४० हजार जति राजस्व उठ्न सक्ने देखिन्छ तर सरकारी कृषि जमिन पनि हुन सक्ने अनुमान गर्दा जम्मा राजस्वमा २ प्रतिशत कम गर्दा रु **१९ लाख १ हजार २ सय** सम्म राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- ❖ गाउँपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गाधनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- ❖ करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरूमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- ❖ मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**ग. घर (जग्गा) बहाल कर**

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐन अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घरबहाल कर लगाई असुल उपर गरिएको थियो भन्ने उल्लेख गरेको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल १८,००,००० राजस्व सङ्कलन भएको थियो । भ्रमण अध्ययन २०७८ अनुसार र प्राप्त जानकारी अनुसार यस गाउँपालिकाको स्वमित्वमा भएको कुल २३०० वर्ग मीटर क्षेत्रफल भएता पनि हाल उपभोगमा आएको छैन ।

**सम्भाव्यताः**

गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ मा कुल रु १८ लाख राजस्व सङ्कलन भएको अभिलेख देखियो । तर यसको विस्तृत करदाताको सङ्ख्या तथा करको विवरणको अभिलेख प्राप्त नभएको हुनाले २०७६/७७ कै कुल राजस्वलाई ५ प्रतिशतले बृदि हुन सक्ने अनुमानको आधारमा कुल **रु १८ लाख ९० हजार** जति राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र वस्ने व्यक्तिहरूको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- गाउँपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरू उपभोगका लागि भाडा वा लिजमा लगाएर राजस्व सङ्कलन गर्ने ।

**घ. व्यवसाय कर**

**विद्यमान अवस्थाः**

तातोपानी गाउँपालिकाको आर्थिक ऐन २०७६ को अनुसूचि ४ को दफा ५ मा व्यवसाय करको वारेमा उल्लेख गरेको छ। ऐनमा होटल सञ्चालन कर, पसल दर्ता, उद्योग दर्ता सिफारिश साना, मझौला, ठूला गरेर वर्गीकरण गरी करको निर्धारण गरेको छ। यस तातोपानी गाउँपालिकाले यस शीर्षकमा गत आ. व. हरूमा राजस्व सङ्कलन गरेको छैन ।

**सम्भाव्यताः**

यस गाउँपालिकाको खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७८ वर्ष १ अंक १ मा उल्लेख भएअनुसार यस गाउँपालिका भित्र खुद्रा पसल, फेन्सी पसल, खाद्यान्य पसल गरी जम्मा ४२८ वटा व्यापार तथा व्यावसायहरू रहेका छन् । होटल र साना उद्योगको केहि सङ्ख्यामा भएको अनुमान गर्दा र ऐनले तोकेको दरले हिसाव गर्दा कुल रु **३ लाख १ हजार ३ सय** जति राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ (तालिका ९) ।

तालिका ९: व्यावसाय कर तथा सम्भावित आय

| क.सं | व्यापार व्यावसायको विवरण | सङ्ख्या | कर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | पसल दर्ता शुल्क | ४२८ | ६०० वार्षिक | २५६८०० | |
| २ | होटल सञ्चालन शुल्क | २५ | ६०० वार्षिक | १५००० | अनुमानित |
| | खुद्रा पसल | २५ अनुमानित | २०० वार्षिक | ५००० | |
| | मदिरा पसल | ३ अनुमानित | १५०० वार्षिक | ४५०० | |
| | कपडा फेन्सी पसल | १० अनुमानित | १००० वार्षिक | १०००० | |
| ३ | उद्योग दर्ता | १० | १००० वार्षिक (साना उद्योग) | १०००० | अनुमानित |
| | **जम्मा** | | | **३०१३००** | |

स्रोत : तातोपानी गाउँपालिकाको खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७८ वर्ष १ अंक १

**सुधारका पक्षहरू:**

गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ (चित्र ५)।

**व्यावसाय कर संकलनको सुधारहरु**

- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- गाउँपालिका भित्र संचालित व्यवसायहरूलाई करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

चित्र ५: व्यावसाय कर सङ्कलनको सम्भावित सूधारहरू

## ङ. जडीवुटी, कबाडी र जीवजन्तु कर

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको अनुसूचि ५ मा गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीवुटी, बनकस, कबाडी माल, र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारीएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, तथा अन्य कवाड सिसा आदीमा शुल्क लगाईने उल्लेख गरेको छ। दर रेट उल्लेख भएपनि आ.व ७७/७८ मा यस शीर्षक राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

यो गाउँपालिकामा महत्वपूर्ण जडीबुटिहरू पाइन्छ जस मध्ये गुच्चि च्याउ, जटामसी, बोजो, पदमचाल, चिराइतो, कुटुकी, अतिस, यार्सागुम्वा, विस जरा, सतुवा, पाखनवेद, सुगन्धवाला, तारेचुक डाले, आदी मुख्य हुन् । गाउँपालिका क्षेत्रबाट कम्तीमा करिब १२०० किलो जडीबुटी सङ्कलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विविध प्रकारका जडिबुटीहरूको निकासी गर्दा करिब रु ६३ हजार ५ सय राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ । यसै गरी कबाडी मालसामानको निकासीबाट पनि केहि राजस्व सङ्कलन हुने सम्भावना रहेको छ (तालिका १०)।

तालिका १०: जडीबुटी, कवाडी र जीवजन्तु करको विवरण

| क्र.सं. | बस्तुहरू | अनुमानित इकाई किलो | दर रु | कुल सङ्कलन |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरू (किलो) | | | |
| | चिराइतो | ५०० | १० | ५००० |
| | गुच्चि च्याउ | १०० | २५० | २५००० |
| | बोजो | २०० | ५ | १००० |
| | पदमचाल | १०० | ५ | ५०० |
| | अतिस | १०० | १५ | १५०० |
| | सिलाजित | २०० | १५ | ३००० |
| | यार्सागुम्बा | ५ | ५००० | २५००० |
| ख. | कबाडीजन्य बस्तुहरू | ५०० | ५ अनुमानित | २५०० |
| ग. | जीवजन्तुको हाड, सिंग, खुर, प्वाँख | – | – | |
| | **जम्मा** | | | **६३५००** |

**सुधार गर्नुपर्ने पक्षहरू :**

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- कबाडीजन्य वस्तुको करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।
- जीवजन्तुको हाड, सिंग, खुर, प्वाँख जस्ता वस्तुको कर निर्धारण आर्थिक ऐनमा उल्लेख गर्ने ।

**च. विज्ञापन कर**

**विद्यमान अवस्था :**

यस गाउँपालिकाको आर्थिक ऐन २०७६ को अनुसूचि ७ को दफा ८ मा विज्ञापन कर सम्बन्धी व्यवस्था साथै करको दर समेत उल्लेख गरिएको छ । उक्त कानुन अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड/होडिङ बोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यावस्था छ । सङ्घीय कानुन अनुसार विज्ञापन कर प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गर्दछ र उक्त संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारले र

वाकि स्थानीय तहले लिन व्यावस्था रहेको छ । गाउँपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर सङ्कलन गर्न सक्ने छ । हालसम्म यस गाउँपालिकामा विज्ञापन करमा राजस्व सङ्कलन गरेको छैन ।

**सम्भाव्यता:**

यस गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क नभएकाले अनुमानका आधारमा जम्मा ५० ठाउँमा विभिन्न प्रकारका होर्डिङ बोड राख्ने हो भने आगमी आ.व.मा अनुमानित रु. ३५ हजारसम्म राजस्व सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ ।

तालिका ११: विज्ञापन करबाट उठ्न सक्ने अनुमानित कर

| क्र.सं. | शीर्षक | अनुमानित स्थानहरू | दर रु | कुल सङ्कलन |
|---|---|---|---|---|
| १ | होर्डिङ बोर्ड व्यक्तिगत | ३० | ५०० | १५००० |
| २ | होर्डिङ बोर्ड संस्थागत | २० | १००० | २०००० |
| **जम्मा** | | **५०** | | **३५०००** |

**सुधारका पक्षहरू:**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।
- सार्वजनिक तथा व्यक्तिगत स्थानहरूमा चेतनामुलक र विज्ञापनका होर्डिङ बोडहरू राख्नलाई विभिन्न निकायहरूलाई सल्लाह दिने ।

## छ. साना सवारी कर

**विद्यमान अवस्था :**

यस गाउँपालिकाको आर्थिक ऐनको अनुसूचि ६ को दफा ७ मा सवारी साधन दर्ता तथा वार्षिक सवारी कर सम्बन्धी व्यवस्था साथै करको दर समेत उल्लेख गरिएको छ । हालसम्म यस शीर्षकमा राजस्व सङ्कलन गरिएको छैन ।

**सम्भाव्यता:**

भौगोलिक रूपले पनि विकट र पहाडी क्षेत्र भएकोले साथै नजिकका दुरिमा जानको लागि अन्य सवारी साधनहरू नभएकोले गर्दा साना सवारी साधनहरू (रिक्सा, अटोरिक्सा, इरिक्सा) उपयुक्त देखिन्छ । गाउँपालिका भित्र एक ठाउँबाट अर्को ठाउँमा जानको लागि साना

खाले सवारी साधन छिटो र सस्तो हुनाले यहाँ धेरै नै सम्भाव्यता रहेको छ । यस गाउँपालिकाको जनसङ्ख्या पनि क्रमिक बढ्दो रूपमा भएकोले आगामी वर्षमा यहाँ साना सवारी साधनको ल्याउन सक्ने अनुमाना गर्न सकिन्छ । अनुमानित २० वटाको सङ्ख्यामा दर्ता हुने हो भने आर्थिक ऐनमा उल्लेख गरेको दर अनुसार यस शीर्षकमा कुल राजस्व जम्मा **रु ७ हजार** सम्म राजस्व उठ्न सक्ने अनुमान गरिएको छ (तालिका १२)।

तालिका १२: साना सवारी साधन तथा अनुमानित सङ्ख्या

| क्र.सं. | सवारी साधन | अनुमानित सङ्ख्या | दर | कुल राजस्व |
|---|---|---|---|---|
| १. | अटो रिक्सा, ई रिक्सा | १० | ५०० | ५००० |
| २ | रिक्सा | १० | २०० | २००० |
| | **जम्मा** | **२०** | | **७०००** |

**सुधारका पक्षहरू:**

- ❖ साना सवारी साधनको दर आर्थिक ऐनमा उल्लेख भएको हुनाले साना सवारी साधनहरू हुन सक्ने भएकोले राजस्वको दायरामा ल्याउने ।
- ❖ साना सवारी साधनहरूको तथ्याङ्कहरूको अद्यावधिक गर्ने ।

### ३.३.२ गैर/अन्य कर

**क) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री)**

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र माटो बिक्री गरी कर उठाउन सक्ने प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । यस गाउँपालिकाको विभिन्न वडाहरूमा सम्भावना भए पनि उत्खनन तथा विक्रि वितरण गरिएको छैन । विभिन्न सम्भाव्य स्थानहरूको प्रारम्भिक वातावरणिय परिक्षण गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेटे उत्खनन गर्न सकिने र उक्त स्थानहरूबाट राम्रै आम्दानी हुन सम्ने सम्भावना रहेको छ । यस शीर्षकमा हालसम्म राजस्व सङ्कलन भएको छैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा मुलप्रवाह क्षेत्र बनाएर अविरल वगिरहने तिला, भेरी, गिडी गाड लगाएतका खोला नदीहरू रहेका छन् । यसबाट ढुङ्गा, गिट्टी, बालुवाहरू सङ्कलन गर्न सकिने सम्भाव्यता रहेको छ । यस गाउँपालिकाले सम्भाव्य क्षेत्रको प्रारम्भिक वातावरणिय परिक्षण गरी उत्खनन गर्न सकिने परिमाण र उल्लिखित स्थानहरू तोकि अनुमानित जम्मा रु. ५ लाखसम्म राजस्व सङ्कलन हुन सक्ने सम्भावना रहेको छ । यसरी उत्खनन् र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्वन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको हुनाले जम्मा **रु ३ लाख** सम्म यस गाउँपालिकाले राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

विभिन्न वातावरणीय पक्षलाई मध्यनजर गर्दै तल उल्लिखित सुधारहरू गरे अनुमानित राजस्व उठ्न सक्ने देखिन्छ ।

- ✓ वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ✓ ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ✓ ठेक्का नलागुन्जेलका लागि गाउँपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- ✓ गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित सङ्कलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- ✓ सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिका भित्र गाउँपालिकाले सञ्चालन गरेको हाटबजार वा सरकारी जग्गामा बनेका संरचना उपयोग गर्न दिए वापत बहाल बिटौरी शुल्क लगाउन र राजस्व सङ्कलन गर्न पाउने कानुनी व्यवस्था रहेको छ । तर यस बिषयमा आर्थिक ऐनमा उल्लेख गरेको छैन ।

**सम्भावनाः**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरूको पहिचान गरी यसको सम्भावना पहिचान

गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धीत पालिकाले गर्नुपर्ने भएकोले उक्त गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरूको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसैले गाउँपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ। यसरी सबै तथ्याङ्कहरू अपडेट गरी आगामी वर्ष यस शीर्षकमा करिब रू ५० हजार सम्म सङ्कलन गर्न सक्ने अनुमानग गर्न सकिन्छ ।

### ग) वन पैदावर विक्रिबाट प्राप्त शुल्क

**विद्यमान अवस्था :**

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले हालसम्म यस शीर्षकमा रकम लिएको पाईंदैन । यस बारेमा स्थानीय तहको आर्थिक ऐनमा समेत व्यवस्था गरेको छैन ।

**सम्भावना :**

यस गाउँपालिकामा विभिन्न समुदायिक तथा सरकारी जङ्गल गरी करिब ४१ प्रतिशत जङ्गलले ढाकिएको हुनाले यसबाट प्राप्त हुने बनका विभिन्न पैदावरहरूलाई व्यावस्थापन गरेर बिक्रि गर्न सके राम्रै आम्दानी हुन सक्ने देखिन्छ । जङ्गलले ओगटेको क्षेत्रको आधारमा यस शीर्षकमा जम्मा रु १ लाख सम्म राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू :**

- ✓ गाउँपालिकाले आर्थिक ऐनमा दर निर्धारण गर्ने ।
- ✓ बन पैदावर सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर सङ्कलन गर्ने ।
- ✓ गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित सङ्कलन गरे कारबाही, दण्ड जरिवाना गर्ने ।

### घ) पाकिङ शुल्क

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन २०७६ को दफा अनुसूचि १० को ११ अनुसार गाउँपालिकाको आफ्नो क्षेत्र भित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्नेछ भनि उल्लेख छ । तर हाल सम्म यस स्थानीय तहद्धका यस शीर्षक अन्तर्गत रकम सङ्कलन गर्न सकेको छैन ।

**सम्भावना :**

यस गाउँपालिकाको स्वामित्वमा रहेको जग्गाहरू पार्किङको रूपमा व्यवस्थित गरेको देखिदैन । सोलाई व्यवस्थित गरेमा पार्किङ शुल्क सङ्कलन गर्न सकिने देखिन्छ । अतः यसलाई व्यवस्थित गरेमा वार्षिक करीब रू २७ हजार ६ सय सम्म पार्किङ शुल्क तुरून्त उठाउन सकिने देखिन्छ ।

तालिका १३: पाकिङ शुल्कको कुल अनुमानित राजस्व विवरण

| क्र. सं. | कर शीर्षक | करको दर (वार्षिक) | अनुमानित सङ्ख्या | कुल सम्भावित कर |
|---|---|---|---|---|
| १ | कार, जिप | १२०० | ५ | ६००० |
| २ | मिनि बस, मिनि ट्रक | ६००० | २ | १२००० |
| ३ | रोड रोलर डोजर | ६००० | १ | ६००० |
| ४ | क्रसर दम्कल लोडर | ३६०० | ० | ० |
| ५ | मोटर साइकल | २४० | ५ | १२०० |
| ६ | ट्याक्टर | १२०० | २ | २४०० |
| ७ | अन्य | १०० | ० | ० |
| | **जम्मा** | | | **२७६००** |

**सुधार गर्नुपर्ने पक्षहरू :**

- यस गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा सम्बन्धी विवरणहरू अद्यावदिक गर्ने ।
- गाउँपालिकाको स्वामित्वमा रहेका जग्गाहरूमा पार्किङ्को उपयुक्त भए संरचनाहरू तयार गर्ने ।

### ङ) दर्ता तथा अनुमति दस्तुर

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहले एफएम रेडियो सञ्चालन, निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्न सक्छन् । यस गाउँपालिकाले निर्माण इजाजत पत्रको लागि कार्यविधि तयार गरेको नहुनाले यस शीर्षकमा आम्दानी गरेको छैन ।

**सम्भावना :**

यस गाउँपालिकामा व्यबसायिक भएता पनि फर्मको तथ्याङ्क छैन । यद्यपि यो गाउँपालिका सहरीकरण उन्मुख शहर भएको हुँदा आगामी वर्षमा करीब रु १ लाखसम्म राजस्व सङ्कलन हुन सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- ✓ दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- ✓ आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- ✓ नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- ✓ अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### च) नक्सा पास दस्तुर

**विद्यमान अवस्था :**

यस गाउँपालिकाले हालसम्म नक्सा पास संम्वन्धि आर्थिक ऐन शुल्क तथा दस्तुर सङ्कलन गर्ने व्यवस्था गरेको भए पनि राजस्व सङ्कलन गरेको छैन ।

**सम्भावनाः**

यस गाउँपालिका वर्षेनी नयाँ घर बढ्दो भएको हुनाले आगामी दिनमा नक्सा पास अनिवार्य गरी राजस्व सङ्कलन गर्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार वर्षेनी करिब ७७ घरधुरी बढेको दखिन्छ । यक्त ७७ घरधुरीलाई आर्थिक ऐनमा तोकिए अनुसार रु ८०० प्रति वर्ग फिट आवासिय घरलाई र १००० प्रति वर्ग फिट व्यापारिक घरलाई कर उठाउने हो भने कुल रु २ लाख ५ हजार जति राजस्व सङ्कलन गर्न सकिने अनुमान गर्न सकिन्छ ।

तालिका १४: नक्सा पास दस्तुरको कुल अनुमानित राजस्व विवरण

| **क्र.सं.** | **घरको विवरण** | **नक्सा पास दस्तुर** | **अनुमानति घर** | **औसत अनुमानति क्षेत्रफल प्रति घर** | **कुल राजस्व** |
|---|---|---|---|---|---|
| १ | आवासिय घर | २.५ प्रति वर्ग फिट | ६० | ८०० | १२०००० |
| २ | व्यापारिक घर | ५ प्रति वर्ग फिट | १७ | १००० | ८५००० |
| | **जम्मा** | | **७७** | | **२०५०००** |

**सुधारका पक्षहरूः**

नक्सापास अनिवार्य गरेर मात्र घर बनाउन अनुमति दिन आवश्यक देखिन्छ । यसले गर्दा भवन निर्माण प्रक्रियालाई समेत नियमन गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- ✓ आवश्यक मापदण्ड अनुसार नक्सापासको प्रावधान लागु गर्ने ।
- ✓ घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गर्ने र समयानुकुल दस्तुर पनि परिमार्जन गर्दै लैजाने ।
- ✓ घर अभिलेखीकरणका लागि मालपोत सङ्कलन कार्यसँग आवद्ध गरी वार्षिक रूपमा अभियान सञ्चालन गर्ने ।

**छ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**विद्यमान अवस्था :**

आर्थिक ऐन मार्फत् गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापद गाउँपालिकाको कार्यालय तथा वडाहरूबाट सुल्क तथा दस्तुर सङ्कलन गर्दैआएको छ । यस गाउँपालिकाको आर्थिक ऐनले सेवा शुल्क वापत विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । गत आ.ब. मा यस शीर्षमा राजस्व सङ्कलन गरेको भए पनि छुट्टै शीर्षकमा अभिलेख राखेको देखिएको छैन ।

**सम्भावना :**

यस गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमानका आधारमा र आर्थिक ऐनमा उल्लेख भएको दर अनुसार कुल रु ७५ हजार ८ सय जति सङ्कलन हुने सम्भावना रहेको देखिन्छ ।

तालिका १५: सेवा शुल्क तथा दर निर्धारण

| प्रमाणित तथा दस्तुर | अनुमानित सङ्ख्या (वार्षिक) | दर (रु.) | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|
| नागरिकता सिफारिश | १७८ (कुल जनसङ्ख्याको १% अनुमानीत) | २०० | ३५६०० |
| नाता प्रमाणित दस्तुर | १७८ (कुल जनसङ्ख्याको १% अनुमानीत) | १०० | १७५०० |
| चार किल्ला प्रमाणित | ७७ (अनुमानीत) | १०० | ७७०० |
| अन्य दस्तुर | १० | १५०० | १५००० |
| **जम्मा** | | | **७५८००** |

**सुधारका पक्षहरू :**

- ✓ शीर्षक अनुसार सिफारिश तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- ✓ सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- ✓ दस्तुर नबुझाएसम्म सम्बन्धीत अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- ✓ विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- ✓ वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

**ज) पर्यटन प्रबेश शुल्क**

**विद्यमान अवस्था :**

यस गाउँपालिकामा ऐतिहासिक तथा पर्यटकीय स्थल तातोपानी धारा, जुम्ला जिल्लाको सवैभन्दा ठूलो ताल गिडी दह, जुम्लाको प्रख्यात बाविरा मस्ट र सुन्दरगाउँ मस्ट, ईश्वरीय रूपको प्रतिमुर्ति लछ्यालकृर्ति पैकेलो, कालिमारसी धानको पहिलो पटक उमारिएको तातोपानी २ लाछु जुम्लाको गुरु फोक्टो, लगभग तीनहजार वर्ष पूराना सुन चाँदिले बानेका लाम्राका बानिया दियार, ताल तलैयाहरू, भण्डार बन, ठाकुर ज्यू र विष्ट ज्यू को मन्दिर आदि रहेका छन् । तरपनि हालसम्म यस गाउँपालिकामा भौतिक संरचनाको पर्याप्तता नभएको हुनाले पर्यटन प्रबेश शुल्क सम्बन्धी दर निर्धार भए पनि राजस्व सङ्कलन भएको छैन ।

**सम्भावना :**

तत्कालै पर्यटन शुल्क सङ्कलनको सम्भावना नभएता पनि आगामी आ.व.मा गाउँपालिकाको पर्यटकीय क्षेत्रमा पिकनिक स्पट तयार गरी तथा पार्कहरूमा प्रवेश शुल्क

अनिवार्य लगाई राजस्व सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ। यसो गरेको खण्डमा जम्मा **रु. ३३ हाजर ५ सय** जति राजस्व सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

तालिका १६: अनुमानित पर्यटन प्रवेश शुल्क

| कर शीर्षक | अनुमानित सङ्ख्या | दर (रु.) | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|
| पर्यटकिय तथा वन भोज शुल्क | १० ठाउँ अनुमानीत | १०० | १००० |
| पार्क प्रवेश शुल्क | ५०० (आन्तरिक अनुमानीत) | २५ | १२५०० |
| | २०० (बाहय अनुमानीत) | १०० | २०००० |
| उद्योग र भ्यु टावर प्रबेश शुल्क | – | – | – |
| जम्मा | | | ३३५०० |

**सुधार गर्नुपर्ने पक्षहरू :**

- पिकनिक स्पटका तथा पार्कको लागि सम्भाव्यता अध्ययन गरी पुर्वाधार विकास गर्ने।
- आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने।
- पर्यटकिय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी गाउँपालिकाको दिर्घकालिन आय आर्जन हुने संरचना विकास गर्ने।

**झ) सेवाशुल्क (फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)**

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जिजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेकोछ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको कुनै सेवा उपयोग गरेवापत सम्बन्धीत सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ। यस गाउँपालिकामा विगतका आ.व.हरूमा यस शीर्षक अन्तर्गत राजस्व प्राप्त भएको देखिदैन।

**शुल्कको सम्भावना :**

यस गाउँपालिकामा मुलप्रवाह क्षेत्र बनाएर अविरल वगिरहने तिला, भेरी, गिडी गाड लगाएतका खोला नदीहरू रहेका हुनाले यस क्षेत्रमा र्‍याफटिङ सङ्कलन गर्न सकिने सम्भाव्यता रहेको छ। आगामी आ.ब. मा यस शीर्षकमा गाउँपालिका ले करीब **रु. ३० हजार** सम्म राजस्व उठाउन सक्ने देखिन्छ।

तालिका १७: अनुमानित पर्यटन प्रवेश शुल्क

| कर शीर्षक | अनुमानित सङ्ख्या | दर (रु.) | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|
| र्‍याफटिङ शुल्क | अनुमानीत २ ठाउँ र १५ पटकसम्म | ५०० | १५००० |
| जम्पीङ | अनुमानीत २ ठाउँ र १० पटकसम्म | ५०० | १०००० |
| अन्य सेवा शुल्क | २० | २५० औसत अनुमानित | ५००० |
| **जम्मा** | | | **३००००** |

**सुधार गर्नुपर्ने पक्षहरू :**

गाउँपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले गाउँपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ । यसको लागि सङ्घीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजीक्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ । गाउँपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागि पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धीत निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ । यसैगरी यसपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरू पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क सङ्कलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसै गरी फोहरमैला व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण गरी पोहरमैला व्यवस्थापन शुल्क उठाउन सकिन्छ ।

- ❖ फोहरमैला व्यवस्थापनको लागि डम्पिङ् साईटको संभाव्य स्थलको खोजि गरी डम्पिङ् साइटहरूको निर्माण गर्ने ।
- ❖ विभिन्न किसिमका सेवा बाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- ❖ तथ्याङ्क सङ्कलन तथा रेकर्ड राख्ने प्रकृया व्यवस्थित गर्ने ।

**ञ) व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क**

**विद्यमान अवस्था :**

स्थानीय तहको आर्थिक ऐन मार्फत् गाउँपालिकाले व्यक्तिगत घटना दर्ता गरे वापत गाउँपालिकाको कार्यालय तथा वडाहरूबाट सुल्क तथा दस्तुर सङ्कलन गर्ने व्यावस्था छ र राजस्व पनि सङ्कलन गर्दैआएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा

दस्तुरको दर निर्धारण गरेको छ। यस शीर्षक वापत यस गाउँपालिकाले गत आ.व.मा छुट्टै राजस्वको अभिलेख राखेको भेटिएन ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको प्राय: हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ । यस सम्वन्धि ऐनमा दर पनि उल्लेख गरेको छ । यस शीर्षकमा जम्मा अनुमानित राजस्व रु २५ हजार २ सय जति सङ्कलन हुने अनुमाना गरिएको छ ।

तालिका १८: व्यक्तिगत घटना दर्ता शुल्कबाट उठ्न सक्ने अनुमानित राजस्व

| शीर्षक | अनुमानित सङ्ख्या | दर (रु.) | सम्भाव्य रकम (रु.) |
|---|---|---|---|
| जन्म | ७७ | १०० | ७७०० |
| विवाह | २५ | १०० | २५०० |
| मृत्यु | ५० | १०० | ५००० |
| वसाईसराइ | १० | १००० | १०००० |
| **जम्मा** | | | **२५२००** |

**सुधार गर्नुपर्ने पक्षहरू :**

- ✓ गाउँपालिकामा व्यक्तिगत घटनाहरू दर्ता गर्नको लागि प्रत्येक वडामा अभियानको रूपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण समेत गर्नु उपयुक्त हुने देखिन्छ ।
- ✓ व्यक्तिगत घटना दर्ता विलम्व शुल्कबाट प्राप्त आयको उचित रूपमा लेखा राख्न तथा यसको दर स्पष्ट रूपमा निर्धारण गर्न उपयुक्त हुने देखिन्छ ।
- ✓ विपन्न तथा सीमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ ।

**ट) व्यवसाय दर्ता/ नविकरण शुल्क**

**विद्यमान अवस्था :**

स्थानीय तहले विभिन्न व्यावसायहरू जस्तै एफएम रेडियो सञ्चालन, सिनेमा हल, भिडियो हल, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्ने प्रावधान रहेको छ । गत आ.व. मा यस गाउँपालिकामा यस शीर्षक अन्तर्गत कुनै राजस्व सङ्कलन भएको देखिएन ।

**सम्भावना :**

यस गाउँपालिका भित्र सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्मको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकामा यस्ता साना स्तरका करिब २०० वटा व्यवासायहरू रहेको अनुमान गरिएको छ भने नयाँ करिब २० वटा जति तर्दा हुने हो भने औसत रु वार्षिक रु ६०० का दर व्यावसाय नविकरण तथा दर्ता वापत जम्मा दस्तुर **रु १ लाख ३२ हजार** जति राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- ✓ नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्न अनुमति प्रमाणपत्र अनिवार्य गर्ने र अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- ✓ आर्थिक ऐन अनुसार दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने र परिमार्जन पनि गर्ने ।
- ✓ दर्ता तथा अनुमतीका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- ✓ अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायहरूको तथ्याङ्क अभिलेखीकरण गरी अनुमति प्रमाणपत्र लिन लगाउने ।

## ठ) घरजग्गा रजिस्ट्रेसन दस्तुर

**विद्यमान अवस्था :**

स्थानीय निकायले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य संबन्धित पालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल यस गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र सङ्घीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक वर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानुनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ । हालसम्म यस शीर्षकमा छुट्टै राजस्व सङ्कलन गरेको अभिलेख राखेको छैन ।

**सम्भावना :**

हालसम्म यस शीर्षकमा छुट्टै राजस्व अभिलेख नराखेको हुनाले सम्भावित राजस्व पनि अनुमान गर्न कठिन भएको छ । हाललाई घरधुरीको बृद्धिदरलाई आधारमान्दा २०६८ मा जम्मा घरधुरी २७०४ थियो भने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक जनगणना २०७८ मा जम्मा घरधुरी ३३२१ रहेको छ । सबै घरधुरीलाई अभिलेखीकरण वापत अनुमानित रु ५० का दरले राजस्व लिने हो भने कुल राजस्व रु ३३२१०० हुन आउछ । यस शीर्षकको कुल राजस्व मध्ये ४० प्रतिशत प्रदेशमा

जाने भएको हुनाले यस गाउँपालिकाले जम्मा राजस्व रु. ६६ हजार ४ सय २० जति राजस्व उठ्न सक्ने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- ✓ करको दर आर्थिक ऐनमा उल्लेख गर्ने ।
- ✓ घर, जग्गा रजिष्ट्रेशन दस्तुर गाउँपालिका भित्रको प्रचलित भाउ अनुसार दर रेट राख्ने ।
- ✓ यस शीर्षकमा छुट्टै राजस्व अभिलेख राख्ने ।

**ड) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय**

**विद्यमान अवस्था :**

यस गाउँपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी भाडामा लगाई आम्दानी गर्न सक्ने प्रावधान रहेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ । यस शीर्षक अन्तर्गत विगतका आ.ब. शुल्क उठाएको पाइएको छैन ।

तालिका १९: गाउँपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा

| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र (छ/छैन) | इकाई र परिमाण | सेवा शुल्कको सम्भावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | छैन | | | |
| २ | स्थानीय खानेपानी | छ | २० | छ | छैन |
| ३ | बिजुली | छ | ३ | छ | छैन |
| ४ | धारा | छ | | | |
| ५ | अतिथि गृह | छैन | | | |
| ६ | धर्मशाला | छैन | | | |
| ७ | पुस्तकालय | छैन | | | |
| ८ | सभागृह | छ | १ | छ | छैन |
| ९ | ढल निकास | छैन | | | |
| १० | सडक बत्ति | छ | | | |
| ११ | सार्वजनीक शौचालय | छैन | | | |
| १२ | पार्क | छैन | | | |
| १३ | पौडी पोखरी | छैन | | | |

| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र (छ/छैन) | इकाई र परिमाण | सेवा शुल्कको सम्भावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १४ | व्यायमशाला | छैन | | | |
| १५ | पर्यटकिय स्थल | छ | ६ | छ | छैन |
| १६ | हाट बजार | छैन | | | |
| १७ | पशु बधशाला | छैन | | | |
| १८ | शवदाह गृह | छ | ५ | छ | छैन |
| १९ | बसपार्क | छैन | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | छैन | | | |
| २१ | सिफारिश तथा प्रमाणित | छ | | छ | छैन |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | छ | | | कार्यान्वयन भएको |
| २३ | मूल्याङ्कन सेवा शुल्क | छ | | | |
| २४ | नक्सापास | छ | १० | छ | ६,०००/– |
| | अन्य .............. | | | | |
| | **जम्मा** | | | | |

**सम्भावनाः**

गाउँपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू (एम्बुलेन्स) का बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार एम्बुलेन्सबाट अनुमानित आय **रु १ लाख ५० हजार** सम्म आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- ✓ गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारढा गर्ने ।
- ✓ गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- ✓ कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेद चारमा तातोपानी गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रूपमा व्याख्या गरिएको छ । यस विश्लेषणले गाउँपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्नेछ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकता अनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दर रेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेश गर्ने गरेको छ । गाउँपालिकाले बिषेश गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिवृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने नीति लिएको छ । गाउँपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिएका नीतिहरू यस प्रकार रहेका छन्ः

- आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिनेछ ।
- राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरी लागु गरिएको थियो ।
- यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासीहरूको क्षमता, स्थानीय स्रोत र अन्य स्थानियतहको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिएको थियो ।
- गाउँपालिकाको राजस्व प्रशासनलाई सुधार गर्दै लगिनेछ ।
- यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउन करको दायरा आवद्ध नभएका सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउने, सम्पत्ति कर, भूमिकर (मालपोत), नक्सा पास असुलीका लागि कडा नीति अवलम्बन गरिने र घर बहाल करलाई स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरिएको थियो ।
- गाउँपालिकाको राजस्व परामर्श समिति, राजस्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुऱ्याउन स्थानीय उद्योगी, व्यापारी (उद्योग वाणिज्य सङ्घ) सँग समन्वय गरिएको थियो ।

❖ "कर तिर्नु कर्तव्य मात्र होइन गौरब पनि हो " भन्ने अवधारणाको विकास गर्न स्वयं कर निर्धारण पद्धती मार्फत करदातालाइ नै पहिलो कर प्रशासकको रूपमा लिने गरी कर सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।

❖ राजस्व प्रसासनलाई चुस्त, सरल, प्रविधि मैत्री एवम् करदाता मैत्री बनाइनेछ ।

❖ रोजगारी तथा उत्पादन प्रवर्धन गर्ने क्षेत्रमा लगाइने करमा घट्दो दरमा कायम गरी कर प्रणालीले समेत उत्पादन मुलक क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिको शुरुवात गरिएको थियो ।

❖ राजस्व चुहावट शुन्य बनाउने गरी राजस्व सम्बन्धी कार्यक्रमहरू तय गरिएको थियो र करको दरमा यथावत राखी दायरा बृद्धी गर्ने नीति लिइनेछ ।

तालिका २०: राजस्व परिचालन संस्थागत तथा नीतिगत विश्लेषण

| **नीति निर्धारणका क्षेत्रहरू** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरू** |
|---|---|---|
| क) सङ्गठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ | Software प्रयोग हुनु पर्ने र कर्मचारी पनि राजस्व सम्बन्धीत हुनुपर्ने |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपूर्तिको अवस्था कस्तो छ ? | सहायक स्तर ५ तर पूर्ति भएको १ | |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छ | व्यवस्थित हुनुपर्ने |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिईएको छ छैन ? | छ | तालिमको व्यवस्था |
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छैन | दिइनु पर्ने (व्यवस्था) |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छैन (इमेल भएको) | प्रयोगमा ल्याउनु पर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | तालिमको दिनु पर्ने |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | ठिक छ | |
| ख) राजस्व प्रशासन सञ्चालनको अवस्था | | |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | छैन | अभिलेखीकरण गर्ने कर अनिवार्य गराउने, जनस्तरमा सुचना आदान प्रदान कर तिर्ने बानिको विकास गराउने |
| गाउँपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्ति हरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | ठिक छ | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | मुल्यांकन अनुसार नभएको | सेवा, वस्तु र समय अनुसार मुल्यांकन हुनु पर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | सफ्टवेयर नभएकोले चुहावट भएको हुन सक्ने | सफ्टवेयरको आधारमा कर दाखिला गर्ने |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छैन | स्थानीय कानुन बनाउने |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरिवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ ? | छैन | |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | जानकारी गराउने प्रभावकारी नभएको | प्रभावकारी बनाउने |
| गाउँपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्ने सक्ने व्यवस्था के कस्तो छ ? | व्यवस्था भएको | |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | छैन | अनुगमन गर्नु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | गरिएको | |
| ग) सूचना तथा समन्वयको अवस्था | | |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | सूचना टाँस गर्ने | प्रभावकारी बनाउने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरूको सहभागीता कस्तो छ ? | सहभागि गराइने | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारीता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | १ पटक बैठक वस्ने | |
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | कम भएको | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | छैन | |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | ठिक छ | |
| गाउँपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन ? | हुन | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरू कसरी सम्बोधन भएका छन् ? | छ | |

**निश्कर्ष:**

यस गाउँपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनको लागि लिन सक्ने नीतिगत व्यवस्थाहरू निम्न छन् ।

- जनशक्ति व्यवस्था, करदाता शिक्षा ।
- सम्बन्धीत सरोकारवालाहरूलाई गोष्ठी, सेमिनार गरी दायरा बढाउँने ।
- उद्योग/व्यवसाय धेरै ठाउँ दर्ता गर्ने प्रणाली- एक द्वार प्रणाली हुनु पर्ने ।
- स्थानीय जनता जगरूक नहुँदा र करदाताहरूले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेकोले यसलाई प्रभावकारी बनाउन आवश्यक रणनितीहरू तर्जुमा गर्ने ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा विस्लेषण गर्दा हाल यस गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- ❖ राजस्व सम्बन्धी कार्यका लागि प्रशासनिक रूपमा राजस्व शाखाबाट कामकाज भैरहेको तर राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- ❖ राजस्व सङ्कलनमा कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- ❖ राजस्व सङ्कलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर तथा सफ्फ्टवेयर जडान नभएको ।
- ❖ स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल नरहेको ।
- ❖ राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटर बिलिङ्ग प्रयोग नभएको ।
- ❖ यसका सबै वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिश दस्तुर सङ्कलन गर्ने गरिएको ।
- ❖ वडा कार्यालयहरूले सङ्कलन भएको रकम साप्ताहिक रूपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा पेश गर्ने गरेको ।
- ❖ आर्थिक ऐन र यथार्थ सङ्कलन बिचको तालमेल कमजोर रहेको ।
- ❖ राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- ❖ राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- ❖ हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्याङ्कन नभएको ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ । यस गाउँपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका २१: राजस्व परामर्श समितिको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | गंगादेवी | उपाध्यक्ष | |
| २ | मिलन वढथापा | सदस्य | प्र.प्र. अधिकृत |
| ३ | अग्नी प्रसाद न्यौपाने | सदस्य सचिव | राजस्व शाखा प्रमुख |
| ४ | | | |
| ५ | | | |

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस गाउँपालिकाको संगठन संरचनामा राजस्व प्रशासन छैन । अत: यसमा स्थायी दरबन्दी नरहेकोले प्रविधिकहरूले विशेष गरी सहायक चौथोहरूले काम गरी रहेका छन । राजस्वमा काम गर्न कम्पयुटर लगाएत भौतिक साधनहरूको व्यवस्था गरिएको छ । यसै गरी राजस्व प्रशासन सञ्चालनको लागि छुट्टै सफ्टवेयर पनि सञ्चालनमा छैन । राजस्व प्रशासनमा करदाताको विवरण अद्याबधिक छैन ।

गाउँपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेट मार्फत पनि गाउँपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरूमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्बन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन, ऐतिहासिक स्थलहरूको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजस्व सङ्कलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ । साथै गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धीत कर्मचारीहरूलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ । यसै गरी राजस्व सङ्कलन को लागि स्थानीय स्तरमा जन जागरण कार्यक्रमहरू सञ्चालन गरी जनतामा "कर तिर्नु कर्तव्य मात्र होइन गौरब पनि हो" भन्ने भावनाको विकास गर्नु पर्ने देखिन्छ ।

तालिका २२: राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | अग्नी प्रसाद न्यौपाने | सहायक पाँचौ | राजस्व/प्रशासन शाखा |
| २. | | | |
| ३ | | | |

❖ कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता - **नभएको हाललाई भाडामा चलाएको ।**

- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू- **छ।**
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग - **छैन।**
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग- **छैन।**

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

तालिका २३: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण छ/छैन | सङ्कलन भएको/ नभएको | दर निर्धारण भएको/ नभएको |
|---|---|---|---|---|
| (क) | कर तर्फ | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नउठाएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | नभएको | नभएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कबाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ७ | विज्ञापन कर | छ | नभएको | नभएको |
| ८ | मनोरञ्जन कर | छ | नभएको | नभएको |
| (ख) | अन्य राजस्व | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | भएको | नभएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | नक्सापास दस्तुर | छ | छ | भएको |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ५ | बहाल बिटौरी शुल्क | छ | भएका | नभएको |
| ६ | पार्किङ्ग शुल्क | छ | छ | नभएको |
| ७ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| १० | स्थानीय विद्युत् महसुल | छ | नभएको | नभएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण छ/छैन | सङ्कलन भएको/ नभएको | दर निर्धारण भएको/ नभएको |
|---|---|---|---|---|
| ११ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| १२ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क ( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | भएको | भएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | | | |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |
| १६ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

## ४.४ विगतको राजस्व सङ्कलनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा धेरै कम रहेको छ । आन्तरिक आय तर्फ सिफारिश दस्तुर तथा मालपोत यहाँका मुख्य आयस्रोतका रूपमा रहेका छन् । हालको अवस्थामा आन्तरिक आय तर्फ गाउँपालिकाको लागि सम्पत्ति कर र मालपोत नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले मालपोतलाई जमिनको उपयोगका आधारमा वर्गीकरण गरेर दर निर्धारण गरेको छ । हालसम्म सम्पत्ति कर लागु नभएको भएपनि आगामी आ.व.मा यसको कार्यान्वयन शुरु गरिएको थियो । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली देखिँदैन तथापि गत आर्थिक वर्षमा घुम्ती शिविर मार्फत व्यवसाय दर्ता अभियान सञ्चालन गरिएकोलेकेही रकम सङ्कलन भएको देखिन्छ । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कबाडी जीवजन्तु करको सम्भावना तत्कालका लागि निकै कम रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्को शीर्षकगत आयसम्बन्धी अभिलेख व्यवस्थित देखिँदैन । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्‍याउन कठिनाइ रहेको छ ।


यस गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा (२०७७/०७८) करिब ०.७० प्रतिशत देखिन्छ भने आ. व. २०७८/७९ मा २ प्रतिशत भन्दा बढि अनुमान गरिएको छ । यद्यपि गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रूपमा सङ्घीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्त हस्तान्तरण र कार्यक्रम वापतको अनुदान नै रहेको देखिन्छ ।

तालिका २४: विगतको राजस्व सङ्कलनको अवस्था

| **आय शीर्षक** | **आय** | | | |
|---|---|---|---|---|
| | **२०७७/०७८** | **%** | **२०७८/०७९ को अनुमान** | **%** |
| आन्तरिक आय | १६५३७५० | ०.७० | ५६९८५२० | २.२५ |
| सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त आय | १०७९३४७५० | ४५.४८ | ११३३३१४८८ | ४४.७६ |
| प्रदेशबाट एकल कर प्रशासन अर्न्तगतको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय | ५४९३७५८ | २.३१ | ५७६८४४५ | २.२८ |
| अनुदान (सङ्घ तथा प्रदेश) | १२२२६७२५० | ५१.५१ | १२८३८०६१३ | ५०.७१ |
| लागत सहभागिता | ० | ०.०० | ० | ०.०० |
| जम्मा | २३७३४९५०७.५ | १०० | २५३१७९०६५ | १००.०० |
| मौज्दात | | | | |
| **कुल आय बजेट** | **२३७३४९५०७५** | | **२५३१७९०६५** | |

## ४.५ राजस्व परिचालनमा रहेका सबालहरू

यस गाउँपालिकाको आय परिचालनको सुधारका लागि महत्वपूर्ण कार्यहरू गर्नुपर्ने देखिएको छ । यहाँ रहेका समस्या तथा सबालहरूलाई चित्र ६ मा छोटकरीमा देखाईएको छ र विस्तृत व्याख्या तल गरिएको छ ।




चित्र ६: राजस्व परिचालनमा रहेका सबालहरू

### क) कर सङ्कलन सामर्थ्यको अभिवृद्धि

यस गाउँपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रूपमा रहेका करहरू जस्तै सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर आदीहरू प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैन । कर सङ्कलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा क्रियाकलाप पहिचान गरिए अनुरूप तिनीहरूको व्यावहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

### ख) सङ्गठनात्मक संरचना र कर्मचारी व्यवस्था

गाउँपालिका राजस्व उपशाखाकै लागि छुट्टै कर्मचारी व्यवस्था नभएकोले अन्य जिम्मेवारी समेत भएका कर्मचारीलाई राजस्वको पनि कामको जिम्मेवारी दिइएको हुनाले कामको भार बढ्न गई कामको प्राथमिकतामा समेत अलमलको स्थिति सिर्जना भएको छ । गाउँपालिको संगठन व्यवस्थापन सर्भेक्षण गरी गाउँपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धीत शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा नगरसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसै गरी राजस्व शाखाका कर्मचारीहरूलाई समय समयमा क्षमता वृद्धिको तालिमहरू दिनु पर्ने देखिन्छ ।

### ग) आर्थिक ऐनमा सुधार

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यावहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । जस्तै आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित सङ्घीय कानुनी व्यवस्था अनुरूप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । यसै गरी गाउँपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमिनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ ।

### घ) तथ्याङ्कमा आधारित अभिलेख

गाउँपालिकाको आन्तरिक आयमा वृद्धिका लागि आयका स्रोतहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । गाउँपालिकालाई राजस्वका क्षेत्रधिकारसँग सम्बन्धीत व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयार गरी हरेक वर्ष अद्यावधिक गर्नुपर्ने देखिन्छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### ङ) कार्यविधि तर्जुमा

आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी गाउँपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । कार्यविधिमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तुहरू उल्लेख गर्नु पर्दछन् ।

### ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व परिचालन सम्वन्धित नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय गर्न आवश्यक हुन्छ । राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

### झ) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थ्यबिचको सामञ्जस्यता

नेपालमा अधिकांस पहाडी स्थानीय जीवन कृषि क्षेत्रमा जीवन निर्वाहमुखी छ। साथै आर्थिक स्रोत पनि कमजोर भएको हुनाले जनसङ्ख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ। त्यसैले यस स्थानीय स्तरमा पनि आजआर्जनका अवसरहरूको कमी रहेको छ। यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरू थपिनु भनेको स्थननियलाई समस्याका रूपमा रहन सक्दछ। अर्कातर्फ, दिएका कानुनले अधिकार क्षेत्रहरूमा कर सङ्कलन नगर्दा गाउँपालिकाले कर सङ्कलन सामर्थ्य कमजोर देखिन सक्छ। त्यसैले गाउँपालिका भित्रका सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नु उपयुक्त हुनसक्छ।

### ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ। साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ। यसका लागि सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरूलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्। गाउँपालिकामा आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेद पाँचमा तातोपानी गाउँपालिकाले आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरू प्रस्तुत गरिएको छ। परामर्शदाताद्वारा संकलित तथ्याङ्क तथा सूचनाहरू, तिनीहरूको विश्लेषणबाट आएका नतिजाहरू तथा गाउँपालिका संग सम्बद्ध सरोकार पक्षहरूसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो। राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरूमा विस्तृतमा उल्लिखित गरिएको छ।

**क. कर राजस्व सुधारका योजनाहरू**

तालिका २५: राजस्व सुधार कार्ययोजनाहरू

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | भूमिकर तथा मालपोत | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने। | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने। | २०७९ पौष देखि अर्धवार्षिक रूपमा नियमित | राजस्व शाखा वडा कार्यालय |
| २ | सम्पत्ति कर | | |
| | १.आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने। | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २.सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने। | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३.वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २०७९ मंसिर देखि नियमित | राजस्व शाखा वडा कार्यालय |
| | ४.सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने। | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | घर जग्गा बहाल कर | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरूको लगत सङ्कलन गर्ने। | २०७७ पौषसम्म | राजस्व शाखा वडा कार्यालय |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | व्यवसाय कर | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा वडा कार्यालयहरू |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजारक्षेत्रहरूमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखी अर्धवार्षिक रूपमा | राजस्व शाखा वडा कार्यालयहरू |
| ५. | जडीबुटी, कबाडी र जीवजन्तु कर | | |
| | १.जडीबुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा राजस्व परामर्श समिति |
| | २. जडीबुटी र कबाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का बन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | नगरसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

तालिका २६: गैरकर राजस्व सुधार योजनाहरू

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | कानुनी तथा नीतिगत व्यवस्था | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरू अनुसार शीर्षक हेरफेर गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | व्यावहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कानुनसँग बाभिmने प्रावधानहरूलाई हटाउने । राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | | |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | गाउँपालिका |
| २ | सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था) | | |
| | १. राजस्व उपशाखालाई शाखाको रूपमा स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | गाउँपालिका |
| | २.राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३.राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ बैशाखसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ४.विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धीत शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रूपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | राजस्व सुधार कार्ययोजना कार्यान्वयन | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउनदेखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका<br>नगर सभा |

# परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेद ६ मा आगमी तीन आ.व. हरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको आधारमा गरिएको छ। यस प्रक्षेपणले आय बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

माथि भनिए अनुसार आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय प्रक्षेपण अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । प्रक्षेपण गरिएका अधिकांस शीर्षकहरूको आय प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत लाई मध्यनजर गरिएको छ भने केही शीर्षकहरूको आय प्रक्षेपण विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानि गरिएको छ।

तालिका २७: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण

| क्र.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| क | आन्तरिक आय तर्फ | ५६९८५२० | | |
| १ | सम्पत्ति कर | २०५००० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १७४२५० |
| २ | भूमि कर (मालपोत) | १९०१२०० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १६१६०२० |
| ३ | घर बहाल कर | १८९०००० | कुल सम्भावनाको ८० प्रतिशत र त्यस पछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १५१२००० |
| ४ | बहाल बिटौरी शुल्क | ५०००० | कुल सम्भावनाको ८० प्रतिशत र त्यस | ४०००० |

| क.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| | | | पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | |
| ५ | व्यवसाय कर | ३०१३०० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २५६१०५ |
| ६ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | १३२००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ११८८०० |
| ७ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १५०००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १३५००० |
| ८ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरूको बिक्रीवापत हुने राजस्व । कुल सम्भावनाको ८० प्रतिशत र त्यस पछि आ.व.मा वार्षिक १५ प्रतिशत वृद्धि हुँदै जाने अनुमान | ० |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री) | ३००००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २७०००० |
| १० | सेवा शुल्क ( मुल्यांकन समेत) | ० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस | ० |
| ११ | नक्सापास दस्तुर | २०५००० | | १७४२५० |

| क.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १२ | सिफारिश तथा प्रमाणित दस्तुर | ७५८०० | पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ६४४३० |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | २५२०० | | २१४२० |
| १४ | नाता प्रमाणित दस्तुर | ० | | ० |
| १५ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | | ० |
| १६ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | | ० |
| १७ | जडीबुटि, कबाडी र जीवजन्तुको हाडखोर बिक्रि | ६३५०० | | ५३९७५ |
| १८ | विज्ञापन | ३५००० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २९७५० |
| १९ | साना सवारी कर | ७००० | कुल सम्भावनाको ८० प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ५६०० |
| २० | बन पैदावर | १००००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ९०००० |
| २१ | पार्किङ शुल्क | २७६०० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २३४६० |
| २२ | दर्ता अनुमति दस्तुर | १००००० | कुल सम्भावनाको ८० प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ८०००० |

| क.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| २३ | पर्यटन प्रवेश शुल्क | ३३५०० | कुल सम्भावनाको ८५ प्रतिशत र त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २८४७५ |
| २४ | सेवा शुल्क (फोहोर मैला......) | ३०००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | २७००० |
| २५ | मुल्य अभिबृदि कर | ० | कुल सम्भावनाको ९० प्रतिशत र त्यस पछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ० |
| २६ | अन्तराट्रिय सङ्घ सस्थाबाट प्राप्त सहयोग | ० | कुल रकमको ९० प्रतिशत र त्यस पछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने | ० |
| २७ | घरजग्गा रजिस्ट्रेसन | ६६४२० | कुल रकमको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ५६४५७ |
| ख | राजस्व बाँडफाँड | | | |
| ख १ | सङ्घीय सरकार | | | |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | | ० |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | |
| ३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा | | ० |
| ख २ | प्रदेश सरकार | | | |

| क्र.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १ | घरजग्गा रजिस्ट्रेसन दस्तुर | | वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | २६९०१० |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | गाउँपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ० |
| ग | अनुदान तथा वित्तीय हस्तान्तरण | | | |
| ग १ | सङ्घीय सरकार | | | |
| १ | समानीकरण अनुदान | | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | ९७९००००० |
| २ | शसर्त अनुदान | | | |
| ३ | विषेश अनुदान | | | |
| ४ | समपूरक अनुदान | | | ३५४५००० |
| ५ | मूल्य अभिबृद्धि कर | | | ६१९४८००० |
| ६ | अन्य अनुदान (सामाजिक सुरक्षा, निर्वाचन क्षेत्र विकास तथा अन्य) | | आ.ब. २०७७/७८ को यथार्थ आयमा २० प्रतिशतले बढ्ने र त्यसपछी ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | |
| ग २ | प्रदेश सरकार | | | |

| क.स | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | | आ.ब. २०७७/७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | ४९८३००० |
| २ | शसर्त अनुदान | | | |
| ३ | विषेश अनुदान | | | |
| ४ | समपूरक अनुदान | | | |
| ५ | राजस्व बाँडफाड बाट प्राप्त रकम | | | २४४००० |
| ग ३ | अन्य आन्तरिक अनुदान | | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | | आ.ब. २०७७/७८ प्राप्त हुने रकमको १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | |
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | आ.ब. २०७७/७८ मा प्राप्त हुने रकमको १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान | |

## ६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

यस गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/ आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार र ऐन अनुसार करका दायरा विस्तार गर्न सकेको खण्डमा यस गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ। आय शीर्षकको सम्भाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

तालिका २८: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृदी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | | | | | | | | | |
| **११०००** | **कर** | | | | | | | ४७७६९९२ | ५५५६५४१ | ६४६६८८२ |
| **११३००** | **सम्पत्ती कर** | | | | | | | | | |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | | | | | | | | | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | | |
| ११३१३ | सम्पत्ति कर | | | | | | २०५००० | १७४२५० | २००३८८ | २३०४४६ |
| ११३१४ | भूमिकर (मालपोत) | | ३२८९७१ | ३४५४२० | | | १९०१२०० | १६१६०२० | १८५८४२३ | २१३७१८६ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | | | | | | |
| ११३२१ | घर बहाल कर | | १८००००० | १८९०००० | | | १८९०००० | १५१२००० | १८१४४०० | २१७७२८० |
| ११३२२ | बहाल बिटौरी शुल्क | | | | | | ५०००० | ४०००० | ४६००० | ५२९०० |
| ११३३१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त कर | | | | | | | | | |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | | | | | | | |
| ११३५१ | व्यवसाय कर | | | | | | ३०१३०० | २५६१०५ | २९४५२१ | ३३८६९९ |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | | | | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | | | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ६१९४८००० | ६५०४५४०० | ६८२९७६७० | | | ७१७१२५५३.५ | ७५२९८१८१.१८ | ७९०६३०९०.२३ | ८३०१६२४४.७५ |
| **११४२०** | **अन्त:शुल्क** | | | | | | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | | | | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | | | | | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क: शैक्षिक संस्था | | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | | | | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृद्धी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | | | | | | | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्तहुने सवारी साधन कर | २४४००० | २५६२०० | २६९०१० | | | २६९०१० | २८२४६१ | २९६५८४ | ३११४१३ |
| **११४७०** | **मनोरंजन कर** | | | | | | | | | |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | | ३५००० | २९७५० | ३४२१३ | ३९३४४ |
| ११४७३ | अन्य मनोरंजन कर | | | | | | | | | |
| **११६००** | **अन्य कर** | | | | | | | | | |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | | | | | | | | | |
| ११६१३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | | | | | | | | | |
| ११६१४ | रेडियो, एफ.एम. सञ्चालन दस्तुर | | | | | | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | | | | | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | | | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | | | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | | | | | | |
| **११६९०** | **अन्य कर** | | | | | | | | | |
| ११६९१ | जडिबुटी, कबाडी तथा जीवजन्तु कर | | | | | | ६३५०० | ५३९७५ | ६२०७१ | ७१३८२ |
| | बिक्रीबाट प्राप्त रकम | | | | | | | | | |
| | बन पैदावर बिक्रिबाट प्राप्त रकम | | | | | | १००००० | ९०००० | ९९००० | १०८९०० |
| | पर्यटन प्रवेश शुल्क | | | | | | ३३५०० | २८४७५ | ३२७४६ | ३७६५८ |
| **१३०००** | **अनुदान** | | | | | | | | | |
| **१३१००** | **द्धिपक्षीय वैदेशिक अनुदान** | | | | | | | | | |
| **१३११०** | **द्धिपक्षीय वैदेशिक चालू अनुदान** | | | | | | | | | |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | | |
| **१३१२०** | **द्धिपक्षीय वैदेशिक पुंजीगत अनुदान** | | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृदी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | | | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | | | | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | | | | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | | | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | | | | | | | | | |
| १३३११ | समानीकरण अनुदान | १०२८८३००० | १०८०२७१५० | ११३४२८५०८ | | | ११३४२८५०८ | ११९०९९९३३ | १२५०५४९३० | १३१३०७६७६ |
| १३३१२ | शसर्त अनुदान | ११०९००००० | ११६४४५००० | १२२२६७२५० | | | १२२२६७२५० | १२८३८०६१३ | १३४७९९६४३ | १४१५३९६२५ |
| १३३१३ | विषेश अनुदान | | | | | | | | | |
| १३३१४ | समपूरक अनुदान | ३५४५००० | ३७२२२५० | ३९०८३६३ | | | ३९०८३६३ | ४१०३७८१ | ४३०८९७० | ४५२४४१८ |
| १३३१५ | अन्य अनुदान | | | | | | | | | |
| १३३२० | अन्तरसरकारी पूँजीगत अनुदान | | | | | | | | | |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | | | | | | |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | | | | | | |
| **१४०००** | **अन्य राजस्व** | | | | | | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | | | | | | |
| **१४११०** | **व्याज** | | | | | | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | | | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृदी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | | | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | | | | |
| **१४१२०** | **लाभांश** | | | | | | | | | |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | | | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | | | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | | | | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | | | | १५०००० | १३५००० | १४८५०० | १६३३५० |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | | | | | | |
| १४१७० | राजस्व बाँडफाँडबाट प्राप्त आय | | | | | | | | | |
| १४१७१ | वन रोयल्टी | | | | | | | | | |
| १४१७२ | खानी रोयल्टी | | | | | | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | | | | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | | | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | | | | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | | | | | | |
| १४१७७ | घरजग्गा रजिस्ट्रेसन रोयल्टी | | | | | | ६६४२० | ५६४५७ | ६४९२६ | ७४६६४ |
| १४१७८ | सवारी साधन कर | | | | | | | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजस्व | | | | | | | | | |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | | | | | | |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | | | | | | |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | | | | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | | | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृदी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४२१६ | निजी धारा वापतको शुल्क | | | | | | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग वापतको शुल्क | | | | | | | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क (प्राकृतिक स्रोतको बिक्रि) | | | | | | ३००००० | २७०००० | ३१०५०० | ३५७०७५ |
| | सेवा सुल्क (फोहो मैला आदी) | | | | | | ३०००० | २७००० | २९७०० | ३२६७० |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | | | | | | | | | |
| १४२२१ | न्यायिक दस्तुर | | | | | | | | | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | | | | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | | | | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | | | | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | | | | |
| **१४२४०** | **दस्तुर** | | | | | | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | | २७६०० | २३४६० | २६९७९ | ३१०२६ |
| १४२४२ | नक्सापास दस्तुर | | | | | | २०५००० | १७४२५० | २००३८८ | २३०४४६ |
| १४२४३ | सिफारिश तथा प्रमाणित दस्तुर | | | | | | ७५८०० | ६४४३० | ७४०९५ | ८५२०९ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | | | २५२०० | २१४२० | २४६३३ | २८३२८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | | | | | | |
| १४२४६ | मुल्यांकन दस्तुर | | | | | | | | | |
| १४२४९ | अन्य दस्तुर | | | | | | | | | |
| १४२५३ | व्यबसाय रविष्ट्रेशन , नविकरण दस्तुर | | | | | | १३२००० | ११८८०० | १३६६२० | १५७११३ |
| | दर्ता तथा अनुमति दस्तुर | | | | | | १००००० | ८०००० | ९२००० | १०५८०० |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | | | | | | | | | |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | | | | | | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | | | | | |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | | | | | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | | | | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | | | | | | |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | औसत बृदी दर (प्रतिशत) | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | | | | | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | | | | | | |
| **१४५००** | **विविध राजस्व** | | | | | | | | | |
| **१४५१०** | **चालु दावी तथा अन्य शुल्कहरू** | | | | | | | | | |
| १४५११ | विमा दावी प्राप्ती | | | | | | | | | |
| **१४५२०** | **अन्य राजस्व** | | | | | | | | | |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | | | | | | | |
| १४५२२ | साना सवारी कर | | | | | | ७००० | ५६०० | ६४४० | ७४०६ |
| १४५२३ | लागत सहभागिता | | | | | | | | | |
| १४५२९ | अन्य राजस्व (विविध आय) | | | | | | | | | |
| **१४५३०** | **पूँजीगत राजस्व** | | | | | | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | | | | | | |
| **१४६१०** | **व्यबसाय कर** | | | | | | | | | |
| १४६११ | व्यबसाय कर | | | | | | | | | |
| **१५०००** | **बेरुजु** | | | | | | | | | |
| **१५१००** | **बेरुजु** | | | | | | | | | |
| **१५११०** | **बेरुजु** | | | | | | | | | |
| १५१११ | बेरुजु | | | | | | | | | |
| **३३०००** | **दायित्व** | | | | | | | | | |
| **३३१००** | **आन्तरिक दायित्व** | | | | | | | | | |
| ३३१९० | **खुद आन्तरिक ऋण** | | | | | | | | | |
| ३३१९१ | ऋण पत्र मार्फत् प्राप्त ऋण | | | | | | | | | |
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | | | | | | | | |
| ३३१९३ | अन्य सङ्घ संस्थाबाट प्राप्त ऋण | | | | | | | | | |
| **३३२००** | **वाह्य वित्तिय दायित्व** | | | | | | | | | |
| ३३२४० | खुद वैदेशिक ऋण | | | | | | | | | |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | | | | | | ० | | | |
| | **जम्मा राजस्व, अनुदान तथा दायित्व** | | | | | | **३१७,२८४,२०४** | **३३१,९४१,९६०** | **३४९,०७९,७५७** | **३६७,१६६,२५९** |

नोटः कुल वार्षिक सम्भाव्यतामा सामाजिक सुरक्षा भत्ता समावेश छैन ।

# परिच्छेद सात: अपेक्षित आय

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको थियो । विभिन्न फारमहरूको प्रयोग गरी कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरूबाट समेत सूचना सङ्कलन गरिएको थियो । हालको राजस्व सङ्कलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्याङ्क, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरूको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।


यस अध्ययन अनुसार तातोपानी गाउँपालिकाको आगामी आ.व. २०७९/०८० को कुल अनुमानित आय **रु २० करोड ५४ लाख २६ हजार ६ सय ८६** जति हुने देखिएको छ। यद्यपि प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय उक्त आ.व. मा आन्तरीक आय **रु ४७ लाख ७६ हजार ९ सय ९२** जति हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब **३ प्रतिशत** जति हुन आँउछ। सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरूमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छ (तालिका २९) :

तालिका २९: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा

| **राजस्व शीर्षक** | **यथार्थ आय** | **अनुमान** | **अनुमान** | **प्रक्षेपित आय** | | |
|---|---|---|---|---|---|---|
| | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| आन्तरिक आय | १५००००० | १५७५००० | १६५३७५० | ४,७७६,९९२ | ५,५५६,५४१ | ६,४६६,८८२ |
| सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त आय | ६१९४८००० | ६५०४५४०० | ६८२९७६७० | ७५२९८१८१ | ७९०६३०९०.२३ | ८३०१६२४५ |
| प्रदेशबाट एकल कर प्रशासन अर्न्तगतको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय | २४४००० | २५६२०० | २६९०१० | २९६५८४ | ३११४१२.७०१३ | ३२६९८३ |
| अनुदान (सङ्घ तथा प्रदेश) | १०२८८३००० | १०८०२७१५० | ११३४२८५०८ | १२५०५४९३० | १३१३०७६७६ | १३७८७३०६० |
| लागत सहभागिता | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१६६५७५०००** | **१७४९०३७५०** | **१८३६४८९३८** | **२०५४२६६८६** | **२१६२३८७२०** | **२२७६८३१७०** |
| मौज्दात | | | | | | |
| कुल आय बजेट | | | | | | |

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनु जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रूपमा राजस्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । अनुगमनबाट गाउँपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रूपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे नगरेको कुराहरू नियमित रूपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा गाउँपालिकामा सिफारिश लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो बमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्याङ्कन लागि निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिन्छ ।




चित्र ७: अनुगमन तथा मूल्याङ्कन कार्य विधि

तालिका ३०: अनुगमन तालिका

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरणगर्ने<br>• मार्गदर्शन तथा निर्देशनदिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिश, सुझाब तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरू सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति |

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| | | | सिफारिश,<br>सुझाब तथा निर्देशन र पृष्ठपोषण प्रदानगर्ने |
| समीक्षा | उपाध्यक्ष | चौमासिक र वार्षिक | • लक्ष्य र उपलव्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयारगर्ने |

तालिका ३१: गाउँपालिकाको आय संरचनाको सारांश

| क्र. सं. | राजस्व शीर्षक | यथार्थ (अघिल्लो आ.व.को) | यथार्थ (अघिल्लो आ.व.को) | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|---|---|
| | | २०७६/०७७ | २०७७/०७८ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | १५००००० | १५७५००० | ४,७७६,९९२ | ५,५५६,५४१ | ६,४६६,८८२ |
| २ | सङ्घिय राजस्व बाँडफाँडबाट प्राप्त आय | ६५०४५४०० | ६८२९७६७० | ७५२९८१८१ | ७९०६३०९० | ८३०१६२४५ |
| ३ | प्रदेश राजस्व बाँडफाँडवाट प्राप्त आय | २५६२०० | २६९०१० | २९६५८४ | ३११४१३ | ३२६९८३ |
| ४ | अनुदान | १०८०२७१५० | ११३४२८५०८ | १२५०५४९३० | १३१३०७६७६ | १३७८७३०६० |
| ५ | दायित्व | ० | ० | ० | ० | ० |
| ६ | जनसहभागिता | ० | ० | ० | ० | ० |
| | कुल आय | **१७४८२८७५०** | **१८३५७०१८८** | **२०५४२६६८६** | **२१६२३८७२०** | **२२७६८३१७०** |
| **कुल आयमा आन्तरिक आयको हिस्सा (प्रतिशतमा)** | | ०.९ | ०.९ | २.३ | २.६ | २.८ |

# अनुसुचिहरू

# अनुसुचि १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म) स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म) सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३) गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेद: ९) गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेद: २) राजस्वको बाँडफाँड (परिच्छेद: ३) अनुदानको व्यवस्था (परिच्छेद: ४) वैदेशिक सहायता तथा ऋण ( परिच्छेद: ५) आय व्ययको प्रक्षेपण गर्ने (दफा १८) राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) वित्तिय अनुशासन (परिच्छेद: ८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरू | नेपाल कानुन आयोग |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरू | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरू | स्थानीय तह र प्रदेश सरकार बिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यवस्थाहरू | कर्णाली प्रदेश सरकार, आर्थिकक मामिला तथा योजना मन्त्रालय http://moeap.karnali.gov.np |
| ▪ स्थानीय तहको आर्थिक ऐन २०७४/०७५ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एक रूपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाब प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (Base) बारेको सूचना र तथ्याङ्क | सम्बन्धीत स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण | सम्बन्धीत स्थानीय तह |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यवस्था | नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल कानुन आयोग<br>नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धीत निकायहरू |
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरू | सन्दर्भ सामग्रीको रूपमा | अन्य स्थानीय तहहरू |
| ▪ अध्ययन क्षेत्रमा रहेका कलष्टर अन्तर्गतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको गाउँपालिका विकास योजना, गाउँपालिकाका विकास योजना बजेट तथा कार्यक्रमहरू | | सम्बन्धीत स्थानीय तह |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरू | सन्दर्भ सामग्रीको रूपमा | विभिन्न निकायहरू |

## अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र

# तातोपानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट,जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.सं. :- ०७८/०७९
च.नं. :- ८४६

मिति :- २०७८/१२/२३

**विषय : जानकारी सम्बन्धमा ।**

**श्री प्रदेश सुशासन केन्द्र ,**
**कर्णाली प्रदेश सुर्खेत ।**

प्रस्तुत विषयमा तहाँ केन्द्रको च.नं. ४५१ मिति २०७८।१२।१७ गतेको पत्र बमोजिम पालिकाको राजश्व सुधार कार्ययोजना निर्माण कार्यका लागि क्युव ईन्फो कम्पनी प्रा.लि.( पाथवे नेपल प्रा.लि. र भूगोल इन्जिनियरिङ कन्सल्टन्ट प्रा.लि.) काठमाण्डौ वाट खटिएर आउनु भएका कर्मचारी श्री इन्जुन आचार्यले राजश्व सुधार कार्ययोजनाका सूचक बमोजिमको विवरण लिनु भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

मिलन [illegible] थापा
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची ३: कार्यक्रममा सहभागीहरूको सूची तथा कार्य सम्पन्न पत्र

Date |
Page |

आज मिति २०७७ साल असार महिनाको ५ गतेका दिन प्रदेश सुशासन केन्द्र सुर्खेतको सहयोग तथा वरुण पाण्डे र भुगोल ज्यू श्री को सहजिकरण र तातोपानी गाउँपालिकाको आयोजनामा यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना आ.व. २०७७/०७८ को अभिमुखिकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतिकरण यस गाउँपालिकाका उपाध्यक्ष श्री रेवती रावल (राजस्व संयोजक) ज्यू को अध्यक्षतामा बसेको बैठकले देहायको उपस्थितिमा निम्न लिखित निर्णय पारित गरियो ।

उपस्थिति

१, रेवती रावल - संयोजक
२, कर्ण बहादुर कठायत - १ नं वडा अध्यक्ष
३, चन्द्रमान बुढा - २ नं " "
४, अमर बहादुर रोकाया - ४ नं " "
५, हिरेन्द्र महत - ५ नं " "
६, विशाल खड्का - ६ नं " "
७, तिलक बहादुर रावत - ७ नं " "
८, नर बहादुर रावत - ८ नं " "
९, मनुकुमारी शाही - कार्यपालिका सदस्य
१०, कलावती कामी - " "
११, भुकुटी नेपाली - " "
१२, गोरेका रावल - ३ नं वडा अध्यक्ष
१३, मिलन बुढथापा - प्र. प्र. अधिकृत
१४, शिवराज न्यौपाने - सदस्य राजस्व शाखा
१५, ओमराज डंगी - प्रशासन शाखा
१६, भीम बहादुर चन्द - योजना शाखा
१७, अमृता प्रियादर्शनी न्यौपाने - सहायक पाँचौ
१८, कालो बहादुर कठायत - को.नि.
१९, जय शंकर उपाध्याय -

२८. [signature] २१, कृष्णा ... थापा — का.पा. सदस्य
[signature] २२, शोभा चौलागाई — का.पा. सदस्य

विशेष आमन्त्रित

[signature] २३, [signature] नन्द प्रसाद चौलागाई — अध्यक्ष

प्रस्तावहरु

१, तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा
२, तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरु

१, निर्णय नं १- तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा प्रस्तुतिकरण तथा छलफल गरियो साथै राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा संशोधन सहित पारित गर्ने निर्णय गरियो । राजस्व सुधार कार्य योजना तर्जुमाको लागि आर्थिक सहयोग गर्ने प्रदेश सुशासन केन्द्र सुर्खेत तथा प्राविधिक सहयोग गर्ने न्युव - पाथवे - भुगोल जो.भी. तथा विज्ञ हरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं २: तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन कार्यपालिकाबाट पारित गराउने निर्णय पारित गरियो

[signatures]

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट,जुम्ला
कर्णाली प्रदेश, नेपाल

प.स. २०७८।०७९
च.नः ११९५

मिति: २०७९।०३।०५

श्री क्युव-पाथवे-भूगोल जेभी,

काठमाण्डौं,

**विषयः कार्य सम्पन्न बारे ।**

प्रस्तुत विषय सम्बन्धमा श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौंको सहजिकरण र श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेशको सहयोगमा कर्णाली प्रदेश, जुम्ला जिल्ला, तातोपानी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौं र श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत कर्णाली प्रदेशलाई धन्यबाद ज्ञापन गर्दै यो पत्र उपलब्ध गराईएको छ ।

मिलन बुढथापा
प्रमुख प्रशासकीय अधिकृत

मिलन बुढथापा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेश ।

## अनुसूची ४: कार्यक्रमको फोटोहरु






2022.06.19 16:51


2022.06.19 16:51